दायित्व

(मासिक)

वर्ष ६ || २०४९ पौष || पूर्णाङ्क १९

सल्लाहकार
डा० मथुरा के. सी.
डा० भोला रिजाल

कार्यकारी संपादक
राम प्रसाद पन्त
४७४९८३

रचना संपादक
तारा कार्की
४७११४७

व्यवस्थापक
लक्ष्मी पन्त

संपादन सहयोगी
ठाकुरप्रसाद शर्मा

सहयोग मण्डली
कृष्ण बहादुर थापा
गिरिराज पन्थ
पद्म प्र. निरौला
सुशील चन्द श्रेष्ठ
मुकुन्द शर्मा
मदन स्थापित

भेटवार्ता:

राजनीति नभएको साहित्य कस्तो हुन्छ म खोजी रहेकी छु —पारिजात १ प्रस्तुति: रामप्रसाद पन्त हेमराज पाण्डे

कथा/लघुकथा

राम कहानी २३ रामप्रसाद पन्त
वेसहाराका सुस्केराहरू २७ सुनिल साषकोटा
प्रश्न: आफैंमा २९ डा. तुलसी भट्टराई

लेख/निबन्ध

भानुभक्तका तीर्थमा जाँदा ९ कृष्ण प्रधान
प्रगतिशील कथाकारको रूपमा .. १३ इन्द्रकुमार श्रेष्ठ 'सरित'
'विभूति' को पहिलो अङ्क १७ हरि मंजुश्री

यात्रासंस्मरण

समझदारीको अर्थ ६ दार्सिङवासे माइलो

कविता/गजल/मुक्तक

खिमानन्द आचार्य १२/ श्रवण मुकारूङ्ग १६/ आराम श्रेष्ठ १६
रेणु वैष्णव १८/ वियोगी बुढाथोकी २१/ रामप्रसाद राई २५
अञ्जली बज्राचार्य २८ वीरेन्द्र राई ३८ आशा बसनेत ३८
दामोदर पुडासैनी "किशोर" ३७

प्रकाशन/कार्यालय
दायित्व परिवार
डिल्ली बजार काठमाडौं

पत्रचार
पो. ब. नं. ४६७०
काठमाडौं

मूल्य:-
संस्थागत प्रयोजनका लागि रू. १०।-
सर्वसाधारणका लागि रू. ५।-

पाठकको दृष्टिकोण

सम्पादकज्यू,

दायित्वको पूर्णाङ्क–१८ समयमै हेर्न मौका पाउँदा खुशी लाग्यो। विविध सामग्रीहरूलाई एउटै मालामा गाँसी आपना परिपूर्ण शोभाबाट लालित्यमा प्रस्फुटित हुनु चानचुने कुरा होइन। यस दृष्टिबाट हेर्दा साहित्य समाजको एक स्वच्छ दर्पण हो, यसलाई प्रमुख महत्व दिइएर भएतापनि रु. ५।– मा पत्रिका पाठकहरू समक्ष सेवाभावले पुऱ्याएको योगदानलाई सराहनीय मान्नुपर्छ। यसै सम्बन्धमा आपना रहरहरूलाई बैशालु मनभित्र साँचेर केही लेख्ने जमर्को गरेको छु।

प्रथमतः नेपालका प्रसिद्ध संगीत साधक गोपाल योञ्जनसंगको अन्तर्वार्तालि सिर्जनाका नव पालुवाहरू माथि मलजल एवं गोडमेल थपिदिने कार्य गरिदिइएको छ। वहाँले व्यक्त गर्नु भएका भावहरूले नेपाली सांगीतिक क्षेत्रमा लागिरहनेहरूका लागि वरदानसिद्ध भएको छ। त्यस्तै कथातर्फ डा. मथुरा के. सी. को 'दुर्व्यसन् अनि दुई प्रेमी' कथाले सामाजिक पाटिपाटिको समस्यालाई र ज्योद्घाटन गरि दिइएको छ। केवल क्षणिक सन्तुष्टीको लागि लागुपदार्थ सेवन गर्नु ज्यादै खतरनाक छ। अतः यसले काललाई जोखिमं आमन्त्रित गर्दछ भन्ने कुरा कथाकारले देखाउन सफल हुनु भएको छ। दुर्व्यसनीहरूलाई नवजीवन *प्रदान गर्न* औषधीको भन्दा ज्यादा माया, ममता र होसलाको बढी खाँचो पर्दोरहेछ भने तर्फ सचेत रहेको देखिन्छ। त्यस्तैगरी रामप्रसाद पन्तको 'मैले चिनेका नेता' कथाले मानिसको विभिन्न रूपलाई चरित्र चरिण गरेको छ। 'खोला तन्यो लौरो बिर्यो' भन्ने उखानसँग मिल्दाजुल्दा आजका नेता भनाउँदाहरू देश र जनताको सेवाभन्दा आपनै स्वार्थको पछाडि दौडिरहेका छन्। अरू कथाहरूलाई पनि नराम्रो भन्न मिल्दैन। लघु कथा तर्फ हरिशरण थापा र बसन्तप्रकाश उपाध्यायको कथा ठीकै छ। ध्रुव शाहीको कथा आफैं भित्र गुम्सेको हावा जस्तै छ। कथावस्तु त्यति राम्रोसँग चयन गर्न नसक्नु उहाँको कमजोरी हो। विशेषगरी रमेशजी सजलको साहित्यिक रचना माथि पहिलेदेखि नै शंका/उपशंका जन्माएको हुन्छ। नमस्ते उहाँको 'फरक' भने लघुकथालाई कथा प्रधान द्वैमासिक (कार्तिक–मार्ग २०४८) 'चिन्तन' को पृष्ठ १३ मा रहेको नर्मदा प्रसाद उपाध्यायको 'पेट' लघुकथासँग बाँझे पनि हुन्छ। जसको कथावस्तु लगभग मिल्न जान्छ। हुनत रमेशजी साहित्य चोरी मामिलामा दुई/तीन चोटी परिसकेका छन्। यस्ता व्यक्ति केवल सस्तो लोकप्रियताको भुक्तभोगी भइराखेका हुन्छन्। तसर्थ यस प्रकार चोरी गतिविधिमा संलग्न व्यक्तिलाई निरुत्साहीत पार्नु सबैको कर्तव्य हैन र? 'बुढो गोरू' नाटक समावेश भएकोमा हर्ष लाग्नु स्वाभाविकै हो। अरू कविता गजल, गीत पनि ठीकै छन्। दायित्वमा विदेशी अनुवाद साहित्य ज्यादै कम प्रकाशित हुन्छन्। आजको बदलिदो परिस्थिति अनुरूप विदेशी साहित्यका विविध विधाहरूलाई प्राथमिकता दिनु भएमा राम्रो हुने थियो। *यसैगरी* निबन्ध, हास्यव्यंग्य जस्ता सामग्री पनि त्यत्तिकै आवश्यक देखिन्छ। आगामी अङ्कहरूमा यतातिर पनि ध्यान दिइनेछ भने कुरामा आशावादी छु।

–राज बुद्धिराणा

आयंबस्ती, काठमाडौं।

सम्पादकीय

साहित्य ! साहित्य !! साहित्य !!!

☐ साहित्य के हो भन्ने कुरा कतिले बुझेका छन् ! साहित्यको शब्दज्ञान कतिलाई भएको छ ! साहित्यको तत्व बोध कतिले गरेका छन् ! साहित्य र मानवीय जीवनको अन्तसंबन्ध कतिलाई अवगत भएको छ । साहित्यको वास्तविक आनन्द कतिले लिएका छन् ! साहित्यको स्वाद कतिले चाखेका छन् ! साहित्यिक रस कतिले पिएका छन् ! साहित्य गंगामा कतिले नुहाएका छन् ! साहित्य रस सागरमा कतिले डुबुल्की मारेका छन् र यस धरातलमा साहित्यिक बीजारोपणको काम कतिबाट भएको छ ! यी सबै प्रश्न प्रश्नछन् । साहित्यिक यथार्थता बुझ्न नसक्नु अथवा साहित्यिक रस विवेचना र साहित्यिक रस व्युत्पत्ति नहुनुमा कस्को के दोष ! कस्को जिम्मेवारी !!

☐ साहित्यको विकासमा नायकत्व लिने दायित्व कस्को ! साहित्यको उत्थान र प्रगतिमा ठेक्का लिने कस्ले ! साहित्यप्रतिको आम चासो अभिरुची र मोह जगाउन नसक्नुमा कस्को के दोष ! के भौतिक सुविधाको संप्राप्ति र परित्यजनमा साहित्यिक शब्दलाई अगाडि सार्न सकिन्छ ! यसको प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्धले सामाजिक चेतना र विकासमा सबल भूमिका निभाएको छ छैन वा सबछ सक्दैन ! यी सबै कुरा कस्ले बुझ्छ, कस्ले भोग्छ र कस्ले चासो राख्छ !

☐ नेपाली साहित्यको इतिहासले साहित्य र पागलपन बीच सह-संबन्ध रहेको उदाहरण पेश गरेको छ । साहित्यप्रति अनुराग दर्शाउनेलाई हामी बहुलट्टी ठान्छौं र साहित्यलाई हेय दृष्टिले हेर्छौं । यो हाम्रो इतिहास सिद्ध नियम भैसकेको छ । जतिले साहित्यको गहिराइलाई अलिकति बुझ्न खोजे, साहित्यिक स्वादलाई विधिवत चाख्ने मनशाय राखे त्यो पूज्य महामनाहरू पागल वा अर्धपागल ठहरिए । एक पेट र एकसरो लुगाको अभावग्रस्त जीवन बिताए । अब तिनीको नाममा शोक प्रकट गरेर वा अभिलेख राखेर के हुन्छ । सामाजिक विकृतिहरूलाई कवितामा आबद्ध गरेर व्यंग प्रस्तुत गर्नेहरूलाई हामी उपेक्षा गर्छौं । उसको प्रशंसा होईन कि तालिपिटेर उपहास गर्छौं तर उसको त्यसमा के प्रलोभन छ के आशमा त्यो त्यस शिर्जनशील कलामा आबद्ध भएको छ बुझ्ने वा खोतल्नेतिर हाम्रो ध्यान गएको छैन ।

☐ साहित्यिक पत्रिकाको गति यो भन्दा झन दर्दनाक र दयनीय छ, यसको सञ्चालन वा अनुगमन प्रक्रया यसै स्थितिमा चलि रहोस् कि रोकियोस् नत देश र जनताको विकास गर्नेलाई वास्ता छ, न संस्कृतिका संरक्षकहरू-लाई सरोकार छ, न त साहित्यिक संस्थाका ठेकेदारहरूलाई भतलब छ । व्यवस्थित जीवन सञ्चालनमा अन्तर्सं-बन्ध राख्ने यस्तो बेवारिस वा बेसहारा कलालाई डोऱ्याएर मानव मनसम्म पुऱ्याउने जस्तो कठिनतम संघर्षलाई जिम्मालिन खोज्ने साहित्यिक पत्रिकाका सम्पादकहरूलाई त झन् महामूर्ख भन्दा पनि फरक नपर्ला । व्यक्तिगत रूपमा पत्रिका चलाएर नपाएको दुःख पाउन खोज्ने तिनीहरूलाई के नसा लागेको हो कुम्रिः जस्ले आपनो सुखद जीवनको प्रमुख स्वार्थलाई पनि पन्छाई पत्रिकालाई अमरत्व दिन एकाग्रछन्, त्यस्तालाई पागलपन नभनेर अरू के भन्ने ? –

☐ साहित्यलाई अनुत्पादक कला भन्नु के विवेकशीलता हो ! समाजमा साहित्यको गति यसंगरी ढलफलाउँदै रहने हो कि व्यवस्थित बनाउन कुनै कदम चालिने हो ! प्रश्न खडा छ । के साहित्यलाई निश्चित गति दिन कुनै आधारभूत नियम बन्न सक्तैन ! साहित्य सञ्चालन सबन्धी अतिसुक्ष्म नियम बने पनि किन तो निरुद्य भएर जान्छन् । किन साहित्यलाई उत्साहवर्धक बनाउन सकिंदैन । यसबारे बुझ्ने र खोजीनीति गर्ने कस्ले ? यी प्रश्नहरू आज चेतनशील समाज, साहित्यिक पत्रकार तथा साहित्यकारका अगाडि तेसिएकोछ र सबै सचेत र जागरूक धर्मले सोच्ने विषय आएको छ ।

भेटवार्ता

राजनीति नभएको साहित्य कस्तो हुन्छ, म खोजी रहेकी छु

—पारिजात

बालाजुतर्फ हुनुनुनु गर्ने टेम्पोबाट लेखनाथ साहित्य सदनको द्वार सोह्रबुट्टेमा ओर्लेर दाहिने लिङ्करोड हुँदै उत्तरतिर लाग्यौं । पारिजात आश्रित कुञ्ज र वहारी पोखरी बीचको निरन्तर हिंडाईमा हामी राम प्रसाद पन्त, हेमराज पाण्डे र गोविन्द श्रेष्ठले शारीरिक अस्वस्थताको पर्वाह नगरी आफ्नो लेखन कलालाई निरन्तरता दिने मूर्धन्य साहित्यकार तथा आत्मबलकी वीरांगना सुश्री पारिजातको भेटघाटकै विषयमा वार्तालाप केन्द्रीत राख्यौं । एउटै विचार र एकै उद्देश्यका हामी तीन जनाले आपसमा कौतुहलता र जिज्ञासाहरू आदान प्रदान गर्न नपाउँदै अमृत प्रा. बि. 'मैपोले–आउनु होस्, पारिजात तपाईहरूको प्रतिक्षामा एकाग्र हुनुहुन्छ' भन्ने संकेत दिएपछि पहिलेकै अवस्थाको बिना प्लष्टर बिना रंगको एकतले घरको आगनमा किताब पढ्न व्यस्त एक युवतीको अनुमती लिई हामी भित्र पस्यौं । उच्च रक्तचाप, अल्सर र बातले ग्रस्त शरीरलाई पर्वाह नगरी ओछ्यानमा बसेकी श्री पारिजातले हाम्रो अभिवादन स्वीकारेपछि यस पत्रिकाका सम्पादकद्वारा परिचय गराउने काम भयो । नजिकै दक्षिण पूर्वमा अवस्थित ढिस्कोमा उभिएका अग्ला वृक्षहरू धुपीसल्लो, पैंयु, देवदार आदिको अन्तर कुन्तरबाट प्रवेश गरेका सूर्य किरणहरूले पारिजात कुञ्जलाई बाहिरबाट शोभा दिइरहेको थियो भने भित्र मार्क्स, सेक्सपियर, जेम्स वेकन, इमिलीब्रोन्ट टैगोर र देवकोटा आदिका तस्वीरहरूले आगन्तुक प्रति पुर्लुक्क हेर्दै पारिजातको विषयमा परिचय गराउन थप मद्दत गर्दै थिए । व्यक्तिगत जीवन र स्वदेश विदेशको बारेमा हामीहरूबाट सोधिएको प्रश्नको विषयमा करिब १५ मिनेट कुराकानी भएपछि पुनः हामी मुख्य विषयतिर लाग्यौं । मिति ०४६।८।२७ दिउँसो ३.३० बजे उपन्यासकार तथा लेखिका पारिजात-संग भएको भेटवार्ताको सार संक्षेप यस प्रकार छ—

१. साहित्य यात्राको थालनी कुन मोडबाट प्रभावित भै कसरी प्रारम्भ भयो ?

☼ वि. सं. १९९४ मा ६ दाजुभाई र दिदी बहिनी मध्ये तेस्रो सन्तानको रूपमा बुबा डा. के. यस. बाइवा र आमा अमृत मोक्तानको कोखमा जन्मी दार्जिलिङको लिङ्किया चियाबगानमा जन्म भै नेपालको पहाडी जिल्ला इलाम आसपासमा मेरो बाल्य जीवन यापन भयो । आमाको मृत्यु, छोरीप्रतिको बुबाको Orthadex (रूढिवादी) हेराई बहिनी दाजुको कारूणिक अवस्था, दिदीले लोग्नेबाट पाएको अपमानले मेरो दिमागमा चोट-

परेका शब्दहरूलाई कलम, मसी र कागजको माध्यमद्वारा एउटा उपन्यास, एउटा आपनै आत्मसंस्मरण, एउटा कविता र एउटा गीतमा प्रस्तुत गर्न प्रभाव नपारी रहन सकेन । यस बाहेक आफ्नो जीन्दगीको उज्यालो पर्दा ब्याँतिदा एक्लै हिड्न, डुल्न र खेल्न मन पराउने मेरो अन्तर्मुखी संकोचलाई बहिर्मुखी व्यवहारमा सजीवता दिलाउने शाश्वत् आधार लेखन शैली बाहेक अरू केहि देखिन र लागें ।

२. आपना उत्तराधिकारीहरू सबै प्रति उत्तिकै मोह माया भए जस्तै आपना सबै कृतिहरू अवश्य उत्तिकै माया लाग्छन् तर हामो पाठकहरूलाई शिरीषको फूलको तुलनामा अरू कृतिहरू पुग्न नसकेको र लेखिकामा पनि केही थकाई र केही सुस्तता आएको महसूस गर्छौ तपाईको भनाई ?

✡ मानिसका उर्जाहरू सधै सबल र सक्रीय रहँदैनन् तर मेरो विषयमा किशोरावस्थामा लेखिएको र तत्कालीन समालोचकहरूमा अहिले भन्दा बढि इमान्दारीता भएकोले म सफल ठानिए हुँला । शिरीषको फूलमा शब्दको छनोट र प्रस्तुति राम्रो छ त्यसको परिभाषित आँखाहरूमा पनि नभएको होईन तर शिरीषको फूल त्यति धेरै चर्चित हुनुको मुख्य कारण २७ वर्षको कम उमेरमा लेखिएको र मदन पुरस्कार समेत प्राप्त गरेकोले हो ।

आजका कृतिहरू पनि म समालोचक भन्दा पाठकहरूको इमान्दारी मूल्यांकनमा सुम्पिन्छु । रचना जस्तो राष्ट्रको सम्पत्ति आज गर्भे शिशुलाई राजनीतिक प्रतिशोधको रूपमा हेर्ने विद्वान समालोचकहरूको पक्षपाति धारणा देख्दा अत्यन्त दुःख लाग्छ, मन कुँडिन्छ र आत्म ग्लानी हुन्छ । अतः हाम्रो समाजको निस्पक्ष हेराई नै परिस्कृत भैसकेको छैन भनेर म गर्वसाथ भन्छु ।

३. आम पाठकहरू तपाईको लेखनको जोवन्तता र मौठासलाई राजनीतिले बिषोलेको र शिरीषको फूल ताका र हाल तपाईको जीवन सम्बन्धी धारणामा परिवर्तन आएको भन्छन् ? यस सम्बन्धमा तपाई कति सहमत हुनुहुन्छ ?

✡ हरेक लेखक लेखिकाको छविलाई सही रूपमा प्रचार प्रसार गरेर सफल बनाउने र झुटो प्रचार प्रसार गरेर बिगार्ने, छविमा आँच ल्याउने, आम सञ्चारको माध्यम हो । हाम्रो वर्तमान सञ्चार माध्यम सरकार मूखी र पद, पैसा र कुर्सिको प्रलोभनमा जे जस्तो पनि लेख्ने बोल्ने माखेदाउ चरित्रलाई उठाउन सक्रीय छ । यसैले हामीजस्ता स्वाभिमानी लेखक लेखिकाहरूलाई राजनीतिले बिगारेको भनेर तपाईहरू जस्ता इमान्दार पाठकहरूलाई राजनीतिक रङ्ग थपेर अन्योलमा पुऱ्याई पक्षपातको कलङ्क नभोग्नु होला । तपाईहरूका हात सधै सच्चा समालोचक र लेखकको भूमिका निर्वाह गर्ने पाप र पुण्यको दोसाँध बनुन्, भाईहरूमा यही शुभकामना छ ।

सच्चा र इमान्दार लेखक र समालोचकहरूको आम सञ्चारले जे लेख्छ प्रसार गर्छ त्यो कुरालाई साम्बत ठानीदिनु हुन भाईहरू तथा सम्पूर्ण दायित्व पत्रिकाका अनवरत पाठकहरूमा विनम्र अनुरोध गर्दछु । आजको साहित्य भूतप्रेतका कथा, जासूसी कथा लेखेर उर्वर बन्न सक्तैन । श्वेत कल्पनामा लेख्नेहरू समाजलाई अगाडिको बाटो देखाउन सक्तैनन्/जस्तोः ध्रुवचन्द्र गौतमको अलिखित । यस्तो साहित्यले रमाईलो दिएतापनि समाजलाई वास्तविक बाटो देखाउन सक्तैन । यस्तो साहित्यको विकासबाट सच्चा साहित्य अझ अकाल र अनिकाल ग्रस्त बन्दछ ।

यहाँको वैचारिक दृष्टिकोणसंग कृतिगत तालमेल खाए जस्तो लाग्दैन किन होला ? (बीचमा प्रश्न !)

मेरो दृष्टिकोण फरक छ, तर समाजका धारणाहरू अनन्त छन्, त्यसैले समाजका विभिन्न पक्षमा मैले

लेख्नु पर्छ। यस्तो अवस्थामा मेरो विचारसंग कृतिगत अभिव्यक्त भावहरू मिल्ने कुरै भएन। अर्थात राजनीति नभएको साहित्य हुँदैन चाहे मूर्त रूपमा होस् चाहे अमूर्त रूपमा। राजनीति नभएको साहित्य कस्तो हुन्छ, म खोजी रहेकी छु। समाजमा शोषण उत्पीडन तथा विभिन्न चाहना र दृष्टिकोण हुन्छन् भने त्यहाँ राजनीति किन हुँदैन।

व्यक्तिगत रूपमा म कोहि पनि हैन। तर सामूहिक रूपमा मेरो जीवन संघर्षको कडी हो। जीतमा उन्माद र हारमा ग्लानी बस्नु भन्दा अन्याय र असमानता विरुद्धमा अथक रूपमा जुझारू बन्ने प्रेरणा मैले घेरै म जस्ता पाश्चात्य विराङ्गना लेखिकाहरूको अडानबाट पाएकी छु। व्यक्तिगत रूपमा कुन मानिस सफल भएको छ र? त्यसैले समाजको लागि समूहगत रूपमा सही र इमान्दार भएर कलम चलाउन मलाई मस्त निन्द्रामा अदृश्य चन्द्र ज्योत्स्ना तारापुञ्जले जुन सन्देश दिन्छन्, लाग्छ त्यही निरन्तर एउटै समान हेराईको सन्देश मेरो नसुक्ने कलम मसी र नथाक्ने मन मस्तिष्क हो।

४. बढी तपाई कुन लेखक लेखिका (पूर्वीय र पाश्चात्य) प्रति प्रभाहित हुनुहुन्छ?

☼ अलग अलग दर्शन र तिनका अनुयायीहरू भएपनि पूर्वीय र पाश्चात्य दुवैप्रति प्रभावित छु। तर पाश्चात्य देशहरू बेलायत, फ्रान्स, जर्मन, इटाली, ग्रीस, अमेरिकाले Technology संगै साहित्यमा जति विकास गरे, त्यति पूर्वीयमा न त Technology विकास जापानले गऱ्यो न त संस्कृतिको विकास गर्ने भारतले गऱ्यो। यसैले योगदान भन्दा पनि अलि आलश्य र मन्द गति पूर्वीय वर्तमान दर्शनमा देख्छु।

म सबैभन्दा बढी इमिली ब्रोन्टी (U. K.) को Wathering Heights Novels संग प्रभावित छु। किनभने उक्त नोभेलमा लेखिएका निम्नलिखित पद्य लाइनहरूले मलाई मृत्युलाई जीतेर ज्यूँदै अमरत्व प्राप्त गर्ने प्रेरणा दिन्छन्—

(I)

"I am the only being whose doom, no tongue would aek, noeye would **Mourns**. I never caused a thought of gloom, a smile of joy, since I was born."

(II)

"No coward soul is mine, no trembler in the world" Storm, troubled spare, I see heaven glories shine and faith shines equal, arming mefrom fear.

यसैबरी एलिस वाल्कैट, (यू. यस.) भर्गिनिया उल्फ (यू यस) इमिलि डिकिन्सन (यू यस) गायत्री चक्रवर्ती (भारतीय हाल यू यस) जुलिया क्रिष्टेमा (यू. के.) जुरिल मोइल (यू. के.) महाश्वेतादेवी (नक्सल भारतीय लेखक हाल यू यस ए ब्लाक राईटर) आदिसंग प्रभावित छु र तिनीहरूको जीवन कथा पनि पढेकी छु।

५. स्वभावैले कोमल हृदय भएकी एक नारी प्रति पुरूषहरूको भोग सम्बन्धी पाखण्डी हेराईले तराईको बौद्धिक निरन्तर गतिशीलतामा बाधा पनि परेको छ कि?

☼ भाइहरू! हुनत तपाईहरू पनि पुरूष नै हुनुहुन्छ। तर.. पुरूषप्रति मलाई दया लाग्छ। किनभने उनीहरू आदिम युगदेखि महिला माथि आश्रित बनेर आफ्ना दिनहरू गुजारा गर्दै आएका छन्। शिकारी र फिरन्ते पुरूषहरूलाई महिलाहरूले गुफा र कन्दरामा

आपना परिवार जमाएर बस्न सिकाए । कन्दमूलका भोग-बिलासी नरभक्षी जीवनलाई पारिवारिक सम्झौता-मा एकत्रित गराई आगाको आविश्कार, अन्नको खोजी र खेतिपाती गर्न सिकाए । सृष्टिको शुरुदेखि नै पुरुषको काम गर्ने सक्षमता महिला वर्गले पनि पाएका छन् । आज राष्ट्राध्यक्ष, सरकार प्रमुख, प्राज्ञ, कुटनीतिज्ञ, वैज्ञानिक, सैनिक, आरोही र एउटा कुलीन गृहिणी लगायत सम्पूर्ण सम्भावनाका सफलताको शीखरमा महिला वर्गले आपनो पदार्पण गरेका छन्, जहाँ पुरुषहरू पुग्ने सम्भावना छ । तर खै त एउटी रजश्वला भएकी १७ वर्षीया किशोरी युवतीले भोग्नु परेको दारुणिक मर्म र १० महिनासम्म बहन गर्नु पर्ने शिशुको दायित्व-लाई पुरुषले जिम्मेवारी लिएको ? । म त भन्छु धन्य प्रकृति, पुरुष प्रतिको तेरो हेराई । महिलासंग सहवास पछि शरीर सिथिल बन्नु र क्षणिक भोगको आनन्द पनि महिला वर्गमा भन्दा पुरुषमा कम हुनु । यही हो पुरुष-लाई प्राकृतिक दण्ड सजाए । यसैले पुरुषलाई मैले सधै विचरा देख्छु, हामी विना बाँच्न नसक्ने परमुखापेक्षी पुरुषवर्ग प्रति मेरो करुण-दया छ ।

एउटी नारीलाई धेरै पुरुषहरूले जति जिस्क्याउँ-छन् हेप्छन र नारीत्वको अपमान गर्छन त्यो भन्दा बढी एउटा पुरुषलाई धेरै नारीहरूले गर्छन् यस भनाईप्रति तपाई कति सहमत हुनुहुन्छ ? (बीचमा प्रश्न ?)

यो गलत सोचाई हो पुरुषको प्रभुत्व भएको समाजले अवश्य त्यसो भन्छ तपाई भन्नुस् संसारमा कुन पुरुष बलात्कृत भएको छ, कुन पुरुष सति गएको छ र कुन पुरुषले पत्नीको मृत्युमा सेतो पहिरन गरेको छ ?

६. हुनत विदोज्यूको कविता भन्दा साहित्यको अर्कै फाँट फराकिलो र धारीलो क्षेत्र हो, तर सच्चा समालोचक बनेर छन्द र गद्य कवितालाई मूल्यांकन गर्नु पर्दा कुन पक्षमा आपनो समर्थन दिनुहुन्छ ?

☼ प्रस्तुति, सरलता, सरसता, लयात्मकता, भाव विन्यासमा मीठास भएमा गद्य पद्य दुवैमा मैले कविताको रस पाउँछु । जस्तै भूपि शेरचन, गोपाल प्रसाद रिमाल, हरिभक्त कटुवाल, केदारमान व्यथित आदि । तर छन्द, कविता नै होइन भन्ने पक्षसंग म बिल्कुल असमर्थ छु । छन्द कवितालाई मन्द गराउने काम त्यस्ता कविहरूले गराउछन्-जसलाई पूर्वीय संस्कृतिको ज्ञान र वाणी छन्दको पृष्ठभूमिको कुनै अंश नै थाहा छैन । हेर्नुहोस् भाईहरू, ढङ्ग नपुग्नेले छन्दको बर्चश्व कायम गर्नुको सट्टा पदार्पण गर्न असफल भएर नै छन्दलाई जरा काट्न खोज्दछन् तर म छन्द कविता कविता होइन भन्ने पक्षसंग बिल्कुल असमत छु । संस्कृति, हाम्रो जीवनशैली हो राष्ट्रको गतिशील आवाज हो जुन आवाज यही छन्दको माध्यमद्वारा हाम्रा पूर्वीय ऋषि मुनीहरूले व्यक्त गर्दै आएका थिए ।

७ यहाँले मानव अधिकार मञ्चको कानून संबन्धी क्षेत्र स्वीकार गर्नु भएको छ र अन्य सामाजिक संघ संस्था-हरूमा पनि संलग्न हुनुहुन्छ यसबाट लेखन प्रवृत्तिमा बाधा त परेको छैन ?

☼ मानिस सामाजिक प्राणी हो, मानवीय मुटु भए-को मान्छे सामाजिक क्रियाकलापसंग सम्बद्ध हुन्छ नै, म पनि सुख दुःखसंग माथि उठि नसकेको एक साधारण मानव हूँ मलाई समाज चाहिन्छ त्यसैले म अखिल नेपाल महिलासंघ प्रगतिशील लेखकसंघ जस्ता अन्य धेरै संस्था-हरूसंग पनि सम्बद्ध छु । तपाईहरूलाई सुन्दा आश्चर्य लाग्ला, समाजको म प्रतिको सोचाई जस्तो छ त्यो भन्दा म एकदमै भिन्न छु । मेरो परिवार र साथी संगातीहरू धेरै छन् एकलो जीवन म एकछिन पनि बस्न सकिन, यस बाहेक साहित्य, सामाजिक पक्ष र राजनैतिक पक्ष

इत्यादिले गर्दा त म अत्यन्तै व्यस्त छु। मेरो उमेरको बृद्धिसंगै समाजमा आई परेका समस्यासंग जुझ्ने र धैर्य गर्ने क्षमता बढेको छ। यी सबै समस्या मानवीय जीवन-का आधारशीला भएकाले मेरो लेखन प्रवृत्तिमा कुनै बाधा परेको छैन। धूपी, सल्ला र लालीगुराँसको फेदमा (आत्म संस्मरण) पढ्नु भए म बारे विस्तृत बोध गर्न सक्नु हुनेछ।

८. प्रजातन्त्रको पुनर्बहाली पश्चात साहित्यको फाँटमा झन राम्रा सशक्त कृतिहरू जनसमक्ष आउनु पर्ने हो, तर किन आउन सकेका छैनन् ?

✡ पञ्चायतकालमा हामीहरूले धेरै जोखिम काम-हरू गऱ्यौं जोखिम कुराहरू लेख्यौं। अहिले प्रजातन्त्रको दुहाई दिई ताउ लगाउनेहरू प्रतिक्रियावादी हुन् प्रजातन्त्र को नाममा उनीहरू स्वार्थ सिद्धी गरीरहेका छन्, साहित्यमा कुनै नयाँपन आउन सकेको छैन। मेरो बारेमा भन्नु हुन्छ भने मसंग पत्रपत्रिकाहरूका फाईलहरू र कागजहरूको थुप्रो बढेको छ म अत्यन्त व्यस्तछु, यही मेरो उपलब्धी भएकोछ, त्यो भन्दा बढी मैले केही पाएको छैन मेरो जीवन पहिले जस्तो थियो उस्तै छ, आजसम्म जीवनलाई व्यवस्थित बनाउन सकेकी छैन।

यसमा प्राज्ञिक पक्ष कति दोषी छ ? (बीचैमा प्रश्न !)

✡ अहिलेका प्राज्ञहरू कुर्सीमुखी र पैसामुखी छन् मोटर चढेर जान्छन् र जागीर खान्छन्। समाजको के दायित्व छ त्यो सोच्ने र गर्ने ध्यान उनीहरूमा छैन। प्राज्ञिक संगठन प्रकृया प्रजातान्त्रिक भएन भनेर हामी वासुशशि, मोदनाथ प्रश्रित, पुस्कर लोहनी, रमेश बिकल दौलत विक्रम बिष्ट आदि लडर्यौं धेरै लेखेर दियौं तर प्रधानमन्त्रीबाट कुनै सुनुवाई भएन। हामी कुर्सीका लागि लडेका थिएनौं गलत प्रकृयाको विरुद्ध लडेका थियौं। मलाई निमन्त्रणा नआएको पनि होईन तर म गइन किनकि म एउटा स्वाभिमान अस्मिता र वर्चस्वको आडमा बाँच्न चाहन्छु।

प्रस्तुति:– राम प्रसाद पन्त, हेमराज पाण्डे

On the Auspicious Occasion of the Birthday of
His Majesty the King
We offer our Warm Felicitation and Pray for
His Majesty's Long and Happy Life

EE EVEREST EXPRESS

Tours & Travels (P.) Ltd

Durbar Marg.
P. O. Box : 482
Kathmandu, Nepal
Cable : EVEXPRESS NP
Telex : 2388 EVEX NP
Fax ; 977-1-226795
Tel : 220759 (8 Lines)

समझदारीको अर्थ

दार्सिङवासे माइलो

सामान्य सोचाइमा समझदारीको अर्थ नियम कानूनमा भन्दा बढी व्यवहारिकतामा ध्यान दिएर विशेष सम्वेदनशील समस्यालाई सुल्झाउनु हो क्यार ! तर आधुनिक संसारमा कलीयुगीय दबावले ग्रसित भौतिक वादी मानिसका विचारमा समझदारीको व्याख्या भिन्न प्रकारले गरिएको तथ्य मैले एउटा यात्रानुभवबाट पाएको छु ।

म एउटा पहाडी क्षेत्रको भर्खरै बनेको कच्ची मोटर मार्गबाट यात्रा गर्न क्रममा हुन्छु । दशैंको टीका सकिएको दोस्रो दिन (मेरो गाउँको ब्राह्मण समुदायमा दशैंको दिन बाहेक अरू दिन टीका लगाइदैन त्यसैले एकादशीको दिन) भएर होला २ घण्टा कुर्दा पनि मोटर आउँदैन । म निर्णय गर्न सक्दिन–के गर्दा ठिक होला । हिंडू भने ४५ कि. मि. मोटर बाटोको अन्तरमा जति सुकै छोटो बाटो (सर्टकट) भरेर गएपनि ३० कि. मि. नाप्नु पर्छ त्यस माथि दशैंको कोशेलीले झोलालाई गह्रौं बनाइ दिएको छ । यदि येककेन पुगी हालियो भने पनि रात्री सेवाको बस पाउन असंभव । त्यसको परिणाम यस्तो निस्कन्छ–मैले आफ्नो यात्रालाई एकदिन लम्ब्याउनु पर्ने हुन्छ । यस्तै अन्य मनस्क भै बसी रहेको बेला एउटा ट्रक आई पुग्छ, मैले हात उठाएर ट्रक रोक्छु अगाडिको सीट म पाउन सक्तिन, पछाडि माल सामान राख्ने ठाउँमा अरू मान्छे जस्तै म पनि घुस्रिन पुग्छु ।

४५ कि. मि. टाढा पुगी सकेपछि ट्रक रोकिन्छ । एक जना मान्छे ट्रक भित्र पस्दै भन्छ–"आज मेरो खलासी छैन, को पस्छ को निस्कन्छ म हेरीरहन पार्उदिन, पैसा दिई हाल्नुस त..... ।, उसले बसको रेट भन्दा करिब एकतिहाई रकम बढी मागी रहेको हुन्छ । यात्रुहरूले गुनासो व्यक्त गर्छन–' धेरै भएन र !", हैन यो त बसमा भन्दा पनि बढी भयो, 'यो आपत सहेर जानु छ बसमा भन्दा बढी लिनु त भएन नि, 'म त महिनै पिच्छे हिंड्ने मान्छे हो ट्रकमा यति लिएको मलाई थाहा छैन, "हामीलाई परेको आपतको मौका छोपेर घाँटी समाउनु त भएन नि, 'जति मन लाग्यो त्यति माग्ने यस्तो मनपरी त गर्नु भएन नि, आदि आदि । जति यात्रुका जतिमुकै गुनासा भएपछि उ सुन्ने वाला थिएन । उसले सबैसंग एउटै ठाडो र रूखो जवाफ दिन्थ्यो तपाई धेरै नबोल्नुस्, मेरो रेट यही हो, अरूले कति लिन्छन् के गर्छन् मलाई थाहा छैन, दिनु हुन्छ भने दिनुस् दिनु हुन्न भनें झर्नुस् ।

पूर्णिमासम्म टीका लगाउनेहरू कोही टीका थाप्न जाँदै होलान्, कोही टीकाको लगत्तै पछिको काम लिएर कहीं पुग्ने सुरमा होलान् । फेरी त्यो जङ्गलको बीच बाटोमा कसरी बस्ने, अर्को बस या ट्रक आउला नं भन्ने

के ठेगाना !

उस्तै मान्छे भेटिएको भए त्यो त्यति बोल्ने साहस गर्थ्यौं गर्थेन वा उस्तै मान्छे भेटिएको भए कुस्ताकुस्ती पो परी सक्थ्यो कि ? गरीब निमुखा र सोझा व्यक्तिको रूपमा देखिने तो यात्रुहरूमा अधिकांश आईमाई र केटाकेटी थिए । म धुलोको डरले टबेलले नाक मुख र शीर छोपेर बसी रहेको थिए । उ त्यसै तरिकाले भाडा उठाउँदै म तर्फ आउँदै थियो । उ थोरै बेरमा म छेउ आई पुग्न सक्थ्यो र म संग जे जस्तो मुलाकात हुनु पर्थ्यो त्यो त भै नै हाल्थ्यो तर उसको क्रुर व्यवहार देखेर मलाई सह्य भएन, एकछिनको समय पनि धेरै लाग्यो र बीचैमा बोली हालें–"बसले भन्दा बढी लिन त भएन नि, किन यस्तो अत्याचार गरेको !, तबसम्म मैले टबेल निकालेर गगल पनि लगाई सकेको थिएं । मेरो उत्तेजित बोली सुनेर उ झस्क्यो र एकदृष्टि म तर्फ दौडाउँदै भन्यो–'तराईसंग त पैसा मागेको छैन, म अहिले आईहाल्छु भनि कुरा बुझाई दिउँला । उसको त्यो धरमरो कुरा सुनेर मलाई त्यसको ठग बुद्धि प्रति थप शंका पैदा भयो र अलि कडा स्वर प्रयोग गरें–'मलाई एउटा कुरा अहिले नै बुझाइ दिनु पर्यो त्यो के भनें–म त्यही पर देउराली-बाट बडेको हुँ मेरो भाडा कति लिनु हुन्छ ?, उसले भन्यो-म अहिले नै तपाईलाई बताई हाल्छु नि एकछिन चुप लागि दिनुस्, तपाई त समझदार हुनुहुन्छ समझदारी अपनाउनुस् न मेरो कुरा बुझिदिनुसन ।

उसको फटयाई कलालाई मैले अंशतः बुझि सकेको थिए तापनि एकछिन चुप लागि दिएं । यसै क्रममा त्यो म छेउ आएर भाडा माग्यो ।

कति ? मेरो प्रश्न थियो ।

जति तपाईलाई ठीक लाग्छ त्यति दिनुस् ।

यो पनि कुनै भाडा माग्ने तरिका हो, मलाई मात्र भाडा मनखुसी किन नि ? उ नम्र भएर सानो स्वरमा भन्यो–"अलिकति समझदारी देखाई दिनुस् न तपाईले । यस्तो बेलामा ट्रक चलाई दिएकोछु, तपाई एकजनाले गर्दा मेरो रेट बिग्रन्छ, बरु भाडा नदिनुस् तर चुप लागि दिनुस् ।

व्यक्तिगत हिसाबले हो भनें म चुप लागि दिएको भए हुन्थ्यो तर आफू भन्दा झुत्रा कपडा लगाएका मलिन अनुहार लिएर टुलटुल हेरिरहेका ड्राइभरको अत्याचार-बाट ग्रसित निमुखा यात्रुहरूको दयनीय अनुहार देखेर सचेत नागरिकको हैसियतले चुप लागी बस्न उपयुक्त थिएन । मैले उसलाई दानव प्रकृतिबाट छुटाएर मानवतावादी बनाउन सचेष्ट गर्दै थिए तर उ भने सुनेको नसुन्यै गरेर उतातर्फ भीडियो । त्यसैबेला एकजना सचेत व्यक्तिको रूपमा चिनिने एकजनाले अन्य चारजना (जसमध्ये एकजना बिरामी) लाई चढाएर आफू चढें । तिनीसंग पनि उसले पूर्ववत भाडा माग्यो । उसको चर्को भाडा सुनेर उनी तसिए–'के कुरा गर्नु हुन्छ तपाई, मलाई दश चोटी चढ्नु पर्छ महिनाको बस र ट्रकमा । बसको भन्दा बढी भाडा त लिनु भएन नि ?,

उसले मलाई प्रयोग गरेका शब्दहरू उमोलाई पनि प्रयोग गर्यो–'तपाई यहीको मान्छे होईन ।'

'हो ।'

तपाई समझदार हुनुहुन्छ, मेरो कुरा बुझ्नु हुन्छ, अहिले मलाई.....रुपैयाँ दिनुस्, उसले पुनः सानो स्वर प्रयोग गर्यो–ओर्लने बेलामा मलाई भेटनुस्, कुरा बुझ्नु भो होईन ! उनी अवाक् भएर भनेजति पैसा निकालेर दिए ।

त्यसपछि उ एक छलाङमा तल ओलिहाल्यो ।

केही द्विविधामा परेका तो महाशयलाई मैले समझदारीको अर्थ बताउँदै यथार्थ कुरा प्रष्टयाएं–उनको

घँटामा घाम लाग्यो । उनी पनि ड्राइभरको करतूत देखि रुष्ट भए । मैले एकजना बलियो सहयोगी पाएं । ड्राइभरको शोषणबाट पीडित यात्रुहरू हाम्रो आधार पाएर खुसी भएर हामीलाई साथ दिन एक जुट भए । तबसम्म ट्रक गुडि सकेको थियो ।

हामीले मन्त्रणा गर्यौं–'बाटो अरठ्यारो छ, अहिले ड्राइभरलाई चिढायौं भने अप्रिय घटना घट्न सक्छ, तसर्थ ओरालो ओलिसकौं–अपठ्यारो बाटो पनि काटिन्छ, प्रहरी चौकी पनि आईपुग्छ, आवश्यक परे प्रहरी सहयोग पनि लिन सकिन्छ, ट्रक पनि स्वतः रोकिन्छ र कुनै अर्को साधन पनि उपलब्ध हुन सक्छ ।, यस कुरामा सबैको सहमति भयो । निश्चित स्थानमा नपुग्दासम्म मैले ड्राइभरको दुरुत्साहपूर्ण कार्यलाई सबैको लागि परित्याग गराउने उपाय सोच्न थाले । सोच्दै गरें ।

प्रहरि चौकीको अगाडि बाँसको घारो तेसियो, ट्रक रोकियो । ट्रकमा भएका सबै यात्रुहरू ओलिए । हामी सबैले एकै आवाजमा ड्राइभरको समझदारीको अर्थ बुझ्न चाह्यौं । उसले रातो अनुहार लगाएर कुरा टाल्न खोज्यो । मैले आवासको बदलामा गृहको नाम लिएर मेरो एक चुट्कीमा यी पुलिसहरूले तेरो गर्धन समाउं छन् भन्ने त्रास देखाउँदै अफिसरी धाक दिएं । अनि साहित्यिक पत्रिकाको बदलामा समाचार पत्रिकाको सम्पादकीय अधिकार प्रयोग गरी प्रत्रिकामा कुख्यात ड्राइभरको नाम चढाइ दिने धम्की दिएं । अनि ट्रक नं. नोट गरे–लु. अ. ख. ३२६ ।

नम्बर सम्झेर मलाई मनमनै हाँसो पनि लाग्यो–वा...सम्झन क्या सजिलो । ड्राइभरको काम र ट्रकको नाम (नम्बर) अंशतः मिल्दो जुल्दो–लु. अ. ख. तीन दुना छ । एकै चोटि बुई गुना हसुनं पल्केको सफल लुटेरो ।

उ डरले पानी पानी भैसकेको थियो–मानौं–लिएको सबै भाडा फिर्ता गर्न पनि तयार । त्यसै भएर उसले हतपत खल्तीबाट पैसा निकाली हाल्यो र बसको भाडा भन्दा कमसेकम दश प्रतिशत कम गरी बाँकी रुपैया फिर्ता गर्न गयो ।

विभिन्न कारणहरूले म त्यो ट्रकमा जान उपयुक्त देखिन । उसले नमागेपनि मैले यथोचित भाडा दिएर अर्को बस वा ट्रकको प्रतिक्षामा बसें । त्यो घटना सम्झदा अहिले पनि मलाई केही दया जाग्छ, केही गर्व लाग्छ र केही हाँसो पैदा हुने गर्छ ।

शुभ–कामना

श्री ५ महाराजाधिराज सरकारको ४८ औं शुभ जन्मोत्सवको
पुनित उपलक्ष्यमा मौसूफ सरकारको सुस्वास्थ एवं दीर्घायूको
मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जनकपुर चुरोट कारखाना लि.

परिवार

हो। यसले भन्नेहरू पनि छन्– भानुका कृति सप्पै मोतीरामले रचेका हुन्। मोतीरामले आफूलाई साहित्यिका फाँटमा सान्है नै कलिलो छु भन्ने लज्जा लागेकाले यो हो कि कमसेकम आफू अघिका साहित्यक बाजेहरू पनि तयार गरूँ– गर्दै जाऊँ। यो एउटा शंका गर्ने देशमा शंकै मात्र हो। जेहोस् मोतीलाई आफू अघिका अग्रजको गरेको कदरको स्याबासी दिएर मात्र पुग्दैन। मोतीजस्ता 'मोती' हरूको खाँचो परिरहन्छ साहित्यमा। अर्काका नामका रचना आपना नाममा छाप्ने लाछीहरू, अर्काको चोरी गर्ने पल्केका नामका लालचीहरूको अनुहार देख्दा त धीनै लागेर आउँछ, अचेल। मोती टिप्न सकिदैन भने नुक्कलो अनुहार किन देखाउनु? बरु नूनका भारी नै बोके पनि पैसा त कमाउनु हो। साहित्यमा त कहाँ पैसा फल्छ र? सिवाय नाम, त्यो पनि ठूलो तपस्या चाहिन्छ, तेसै कहाँ फल्छ र?

तर भानुको भावना त्यो होइन। मोतीको इच्छा त्यो होइन। भाषाका सेतू बाँधेर भानुले मनहरू जोड्ने। मनहरू जोड्नु भनेको चान्चुने कुरा होइन। भानुकै भाषाले जोडिएका मनहरू आज तेसरी फाट्नु राम्रो होइन। नेपाली भन्न नरुचाउनेले भानु पढ्नु पनि हुँदैन। भानुभक्त पढ्न मन नपराउनेले नेपाली भन्नु पनि हुँदैन। भानुको भावना किन तेसरी ओझलियो त्यहाँ? भानुको त्यो नबोल्ने मूर्तिले के बिराथो? नेपाली भन्न नरुचाउनेले किन 'भानु' पढ्नु? भानुको के दोष? दोष त तिम्रा कलुषित मनहरूको हो। प्रीय दाज्यूभाई बिदी बहिनीहरू हो! सैनिक जर्नेलको मूर्ति भत्काए पनि कृपया साहित्यका महारथीहरूको मूर्ति चैं नभत्काऊ। भाषाको सराप लाग्छ। तोतेबोलीको सराप लाग्छ। आमाको आँशु लाग्छ। भानुको सराप लाग्छ।

नेपाली नेपाली फुटे पनि भानुलाई नफुटाऊ। भानुको भावनामा राजनीति छैन। राजनीतिको खेल दुर्गन्धित हुन्छ। भाषामा नखेल। भाषामा भानु रोप। भानु खेलाउ। भानु उचाल। भानुलाई माया गर। सिक्किममा भानु जयन्तिका दिन सार्वजनिक बिदा हुन्छ। 'भानु पर्व' मनाइन्छ। पहाडतिर बेलुका खाना खाईसकेपछि गृहलक्ष्मीहरू समेत भानुका सिलोक हाल्छन्। रामायणका भाखा हान्छन्। बिहेमा पहाडतिर (शहर मा त सबै थोक बिसिई नै सकियो बिहेको धूमले केटी माग्ने बिसेन पनि बेर होइन होला कुनै दिन) घर गाउँले र जन्ती बिच सिलोक हाल्ने परम्परा छ। सिलोकमै सवाल जवाफ हुन्छ। सिलोके पण्डितहरूको त्यसबेला खुबै भाउ हुन्छ। त्यो पनि रामायणकै परम्परा हो भानुले बाँधेर गएका, वा भानु जस्तै भानुहरूले छाडेर गएका परम्परा। रामायण कण्ठस्त हुन्छ। रामायण जोश्रामा बसेको हुन्छ। भानु घर घरमा बियाएको हुन्छ। भानु भावना हो। भानु भाषा हो। भानुको भावनामा कलुषितता थिएन– एकदिन नारद सत्यलोक पुगिरहा लोकको गरुहित भनी अचेल 'लोकको हित' गर्नेहरू कति छन्?

अचेल पोवा, पाटी, सत्तल, चौतारो चिन्नेहरू कति छन्?
अचेल धारो, कुवा ईनार खन्नेहरू कति छन्?
'भरजन्म घाँसतिर मन दिई धन कमायो
नाम चैं रहोस् पछि भनेर कुवा खनायो–
भानुलाई प्रेरणा दिने र प्रेरणा लिनेहरू कति छन्?

बस कति कति मित्र कति कति 'भानुहरूको बिम्ब कल्पना गर्न मात्र सकिन्छ। बस् धारो, चौतारो, पाटी, इनार र कुवा माथि घर, दरबार बनाउनेहरूको जमानामा के कुरा गर्नु यस्ता 'कतिकति' को।

"मेरा ईनार नत सत्तल पाटी केही छन्
जे चीजबीजहरू छन् सब घरभित्र नं छन्
तेस घांसीले आज कसरी दिएछ अति
धिक्कार होस् मकन बस्नु नराखी कीर्ति"

कीर्ति राखन होइन कीर्तिमान राखन त भानुका मूर्ति ढाकेर पनि सकिन्छ । भानुका रामायण जलाएर पनि सकिन्छ । घांस त भानुका समयमा भन्दा अचेल बिक्छ । अचेल बढी पैसा कमिन्छ । ईनार होइन खाने-पानीको योजना पनि सञ्चालन गर्न सकिएला तेस पैसाले । तर कसका मनमा छ र तेस्तो विधि सर्वजनहितायका आकांक्षाहरू, त्यागहरू निस्वार्थताहरू । मान्छेलाई सुर्न सुनको लंकाले पनि पुग्दैन । एयरपोर्टमा सुनखानी भेटिन थाले पछि त भानुका नेपालीले भानुका भावनालाई नै बिर्सेका छन् । रानीपोखरीका डीलमा भानुहरू बान्हैकाल खडेरी र शीततापमा सहन्छन् । अब त्यो भानुलाई एउटा बल्छी पनि झुण्डाइ दिनु पर्ने । कमसेकम रानीपोखरी-बाट दिनका २।४ माछाका जाल फेला परि हाले पनि भानुहरूको मुखमा माड पर्थ्यो । धिक्कार छ भानुका भावना भनेर लोलोपोतो गर्नेहरूलाई, भानुलाई रानी-पोखरीका डीलमा गएर एकैक थुङ्गा फूल चढाउनेहरूलाई र फूल चढाइसके पछि लगत्तै भानुका मुखमा पिच्च पिच्च थुक्नेहरूलाई । भानुभक्तलाई नमए पनि भानुको भावनालाई कदर गर । किन पूज्छौ भानुको मूर्ति नै भानुको फोटो ? त्यो त बालकृष्ण समले बनाएका हुन् । तर तेसो होइन भानुको भावमालाई पूजेको हो पूजनु पर्छ जुगजुगसम्मन् । भानुले साहित्यका भानु नछाडेका भए, भानुले बाङ्मयमा हात नहालेका भए आज यतिबिन भानुका भावनाहरूले मूर्त रूप पाउँथेनन् ।" भानु भनेको मोतीराम र मोतिराम भनेको लेखनाथ हुन्; लेखनाथ भनेको देवकोटा र सिद्धिचरण, व्यथित र सम हुन् अनि देवकोटाहरू भनेका आजका मोहन, बैरागी, बल्लभ आदि नै हुन् । यसैले भानु भनेका आदि हुन् । भानु-भक्त भनेको तोतेबोली हो भाषाको आदिमा आदिको । यसैले भानुका भावनामा राजनीतिको फोहर नछाप्नु । राजनीतिका दुर्गन्धहरूले भानुको रामायणलाई नघेर्नु ।

भानुलाई आदर्शमा हेर्नुपर्छ । रामायणमा आदर्श नै हेरिन्छ । संस्कृति हेरिन्छ । रामायण गाउँदा सारङ्गी बज्छ, पिनायो सुल्छ, मुरली घन्किन्छ, बाँसुरी उठ्छ, मादल घिन्ताङ नाचुङ गर्छ, सोरठी उठ्छ । रामायणलाई राज-नीतिमा नहेर्नु, भानुका भावना मर्छन् । भानुलाई राज-नीतिमा नहेर्नु, भानुको भाषा मर्छ । भानुभक्तलाई सिङ्गो मान्छेमा मात्र नछाप्नु साहित्य मर्छ । बाङ्मय भाचिन्छ । भानुले मात्र भाषा होइन बाङ्मय रोपेका हुन् । बाङ्मय-ले लोकको अहित गर्दैन, लोकको भलाई गर्छ । भानुभक्त लोकभक्त हुन् ।

दार्जिलिङमा भानुजयन्तिमा भानु बल्छ । खर्साङबाट भानुका मूर्ति गायब गरिन्छ । यस्तै यस्तै खबर छापिएका बेला म एकेडेमीबाट रानीपोखरीका डीलमा बल्छी थापेर बसेका भानुलाई एकेडेमीको प्राङ्गणमा त्याइने भाषण (सद्विचार) सुनेर फर्कन्छु । साँझै राम्रो कुरा । त्यो काम एकेडेमीले धेरैवर्ष पहिले, उसको स्थापनाकालमै गर्नु पर्थ्यो । भानुभक्तको भानुको मात्र किन, मोतीराम, लेखनाथ, शंभुप्रसाद, देवकोटा, सम, सिद्धिचरणका मूर्तिहरू पनि राख्नु पर्छ । तीहरू भनेका देवताहरू हुन् । देवताको मन्दिरको देश भनेको मान्छे कै देश हो र यस्ता देवताहरूलाई पूज्ने परम्पराको शुरूआत गर्नु राजनीति हुँदैन । एकेडेमी भनेको सरस्वतीको मन्दिर हो । सरस्वती भनेको देवी हो । भानु, मोती, लेखनाथ, देवकोटा, सम, सिद्धिचरण भनेका पनि सरस्वतीका पुत्रहरू हुन् र यस्ता पुत्रहरू युग युग

प्रगतिशील कथाकारको रूपमा पारिजात "साल्गीको बलात्कृत आँसु"मा

–इन्द्र कुमार श्रेष्ठ 'सरित्'

वि. सं. २०२१ सालमा "मैले नजन्माएको छोरो' नामक कथाबाट कथालेखनको सुरुवात गर्ने कथाकार पारिजातको 'आदिम देश' (वि. सं. २०२५) र 'सडक र प्रतिमा' (वि. सं. २०३२) पछि प्रकाशित तेस्रो कथा संग्रहको नाम हो–'साल्गीको बलात्कृत आँसु' (वि सं. २०४३)। यस संग्रहमा संग्रहित पारिजातका पन्ध्रवटा कथाहरूमध्ये चारवटा कथाहरू 'बोनो' (लघु उपन्यास) शृंखलाको भएकोले यस लेखमा तो कथाहरूको उल्लेख गरिएको छैन। "पारिजातको प्रगतिशील चरणका कथाकारिताको विस्तृत परिचय" तथा "प्रगतिवादी चरणका कथाहरूको जीवन्त प्रतिनिधि सङ्कलन" का विविध पगुरी गुथेर देखापरेको पारिजातको पछिल्लो कथा संग्रह "साल्गीको बलात्कृत आँसु" को बारेमा केही मनिहाल्नुभन्दा अगाडि कथा लेखनको अघिल्लो चरणलाई पनि हेर्नु पर्ने हुन्छ।

अस्तित्ववादमा आकण्ठ डुबेर शून्यवादी दर्शनलाई उपन्यास मार्फत् नेपाली साहित्यमा भित्याउने विसंगतिवादी, राल्फालो कथाकार सुश्री पारिजातका अघिल्ला चरणका कथाहरू अस्तित्ववादी दर्शन, यौन मनोविश्लेषण र विसंगतिवादी अवधारणाहरूबाट लछरप्पै भिजेका देखिन्छन्। साँच्चै भन्ने हो भने पारिजातका पूर्ववर्ती कथाहरूले मान्छेको मनमा रहने सुषुप्त चाहनाहरू जुन चेतन–अचेतन मनमा हुन्छन् तिनलाई नै उदाँगो पार्ने प्रयत्न गरेको पाइन्छ। तर वर्तमान परिवेशमा आएर तो कथाहरूलाई पनि बेग्लै सन्दर्भ र दृष्टिकोणले हेर्ने आग्रह पारिजातको हो भने त्यो आग्रहको कुनै अर्थ हुन्न।

तर उत्तम प्रसाद पन्तले "२०२९ सालदेखि पारिजातको जीवनक्रममा एउटा नयाँ मोड आयो" (साल्गीको बलात्कृत आँसु, पृ. 'ख') भने तापनि यो यथार्थलाई हृदयंगम गर्दा पारिजातको अभिव्यक्ति शैली, विषय–वस्तुको छनोट र जीवन र जगतलाई हेर्ने दृष्टिकोणमा केही भिन्नता आउन खोजेको पाइएतापनि यो संग्रहका अधिकांश कथाहरू केवल स्थितिबोध र अनुभूति भन्दा उँभो उक्लेर जीवनबोध र युगबोधको समय सापेक्ष प्रतिनिधि कथा बन्न सकेका छैनन्। जबकि कथाको सन्दर्भमा स्वयं पारिजात भन्छिन्–"केवल स्थितिबोध र अनुभूति कथा हुन सक्तैन त्यसलाई पात्र, विषयवस्तु र दृष्टिकोणबाट अध्याउन सक्नुपर्छ" (उत्साह, ४: १४) तर पारिजातको दृष्टिकोण अनुसार पनि

उनका प्रगतिशील कथाहरू साँच्चिकै प्रगतिशील कथा बन्न सकेका छैनन् । मैले माथि नै भनिसकें 'साल्गीको बलात्कृत आँसु' मा संग्रहित पारिजातका कथाहरू अनुभूति, स्थितिबोध वा रिपोर्ताजमात्र बनेका छन्, यहाँ वर्गीय संघर्ष, परिवर्तनको चाहना वा भावसंवादी भावनाका उज्याला किरणहरू पाउन हम्मे हम्मे पर्छ ।

कथाकार पारिजातको कथानक भाषा, शैली, चरित्रचित्रण र उद्देश्यको दृष्टिले यी कुनै पनि तत्वले पाठकहरूमा संकारात्मक र दीर्घकालीन प्रभाव पार्दैनन् । चाहे त्यो 'साल्गीको बलात्कृत आँसु' को साल्गी होस् वा 'यसरी एउटा नाम काटिन्छ' को घले बूढा नै किन नहोस् । यी पात्रहरूको पीडा र मर्म केवल सतही भएका छन् । कथाकार पारिजातले यिनका पीडा र मर्महरूको गहिराईमा नपुगी केवल पाठकहरूमा आफ्नो वैचारिक सम्प्रेषण गर्ने ध्येयले मात्र यी पात्रहरूको सृजना गरेको र वर्गभेदको स्वांग रचेको भान हुन्छ र यी कथाहरू कथाको अन्त्यमा नपुगीकनै आत्महत्या गर्छन् ।

त्यस्तै पारिजातको 'सइसको चिठ्ठी', प्रतिकूलता, वर्षा ऋतु, कलिलो अतीत आदि कथाहरूलाई हेर्दा यिनलाई कथा नभनेर कथाको 'फ्रेम' भन्न चाहिं निश्चय नै सुहाउँछ । किनकि यी कथाहरूमा कथामा हुनुपर्ने 'तत्व' नै फेला पर्दैन । त्यसैले पारिजातको कथाकारिताको बारेमा समालोचक मोहनराज शर्मा भन्नुहुन्छ– "पारिजातका कथाहरू पढ्दा उनका अधिकांश कथामा कथाको स्वाद, सुगन्ध र तृप्ति पाइन्न ।..... पारिजातका अधिकांश कथाहरू कथाको ढाँचाबाट फुस्केका छन् ।" (समकालीन साहित्य, पृ. ७७, वर्ष २ अङ्क ५) ।

एउटा पूर्ण कथा बन्नको लागि कथामा पात्र, घटनाक्रम, भाषा, प्रस्तुति शैली र उद्देश्य जस्ता आधारभूत तत्वहरूको पारिजातका माथि उल्लेखित कथाहरूले जगेर्ना गर्न सकेको देखिन्न । किनकि वैचारिक आग्रहलाई जहाँ पायो त्यहीं ठेल्दैमा र कागजी बाघको होवा खडा गर्दैमा त्यो प्रगतिशील रचना बन्छभन्ने मान्यतालाई अंगीकार गर्ने पक्षमा म चाहिं छैन । 'प्रगतिशील' रचना भनेपछि त त्यहाँ शोषित र पीडित जनताका पीर मर्काहरू उद्घाटित हुनाका साथै प्रगतिका किरणहरू पनि देखा पर्नु पर्थ्यो, असन्तुष्टिका फिलुंगाहरू; संघर्षका गाथाहरू परिवर्तनका चाहनाहरू हुनुपर्थ्यो । अनि जीवन र जगतलाई हेर्ने निरपक्ष र दूरदर्शी आँखाहरू हुनुपर्थ्यो । शासकहरूको कुशासन, भ्रष्टाचार, अत्याचार र शोषितहरूको पीडा र मर्महरूको जीवन्त आलेख र तस्वीर हुनुपर्थ्यो । तर कहाँ छ यसको बेलीविस्तार प्रगतिशील कथाकार पारिजातका कथाहरूमा ? उनका यी प्रगतिवादी कथाहरू हेर्दा त यस्तो लाग्छ उनी 'प्रगतिवादी' मार्का लागेको कथाहरू लेख्न हतारिएकी छिन्, बस् !

"कलाको र शैलीको दृष्टिले अघिल्ला चरणका कथाहरूलाई यी कथाहरूले हाँक दिन सक्षम छन्" भनेर उत्तम प्रसाद पन्तले 'साल्गीको बलात्कृत आँसु' को भूमिकामा प्रशंसाको अर्को सगरमाथा ठड्याए पनि अस्तित्ववादको राग नअलापेको, शून्यवादको समाधी नलगाएको, विसंगतिवादी तगण मगण छन्दमा जीवनलाई निःसार नदेखेको र बाँच्नुको निस्सारतालाई रति आउ-ज्जेल माया नगरेको कथाकार पारिजातको भावुक अभिव्यक्ति र तिखाल शैलीको अभावमा 'साल्गीको बलात्कृत आँसु' मा संग्रहित उनका कथाहरू 'उँचो दूकान फिका पकवान' को अत्यन्त सरिक नमूना होभन्दा बढी भनेको नठहर्ला ।

वैचारिक संक्रमण काल पार गरेर असन्तुष्टि, कुण्ठा र दृष्टिभ्रमहरूलाई र त्याग गरेर उज्यालो जीवनको गतिलाई मन पराएर प्रगतिवाद र मानवतावादको महिमा गाउने कथाकार पारिजातको यस संग्रहमा संग्रहित अर्को कथा 'सम्बन्ध' र 'पैसाको रंग' हेर्दा त

झन कुनै अखबारको एउटा नियमित स्तम्भ पढिरहे झैं लाग्छ । र लाग्छ यो कथा कथा नै होइनन्, यो त अखबारका प्रुफ हुन् र यो प्रुफलाई पढ्ने पाठकहरू जति जम्मै प्रुफ रिडर ! त्यसैले 'साल्गीको बलात्कृत आँसु' मा संग्रहित पारिजातका कथाहरूमा कथातत्वको अभावले गर्दा यो कथाहरूले पाठकहरूलाई कथा पढेको आनन्दानुभूति नै प्रदान गर्दैनन् बरु कथाको नाममा कथाकारद्वारा पस्किएको अकथा पढ्दा पाठकहरूलाई झर्को लाग्न सक्छ ।

"कुनै गुलाफ ओझानो छैन" जस्तो कथालाई पारिजातले प्रगतिशील कथाको परिभाषाभित्र राखेको देख्दा अचम्म लाग्छ । उनको यो प्रगतिशील कथा पढिसकेपछि 'प्रगतिशील' र 'अ' प्रगतिशील कथाको बीचमा के भिन्नता हुन्छ भनेर मलाई पारिजातसंग सोध्न मन लाग्यो । पारिजातको कलमलाई अलि अलि सुहाएको विषय हो 'नैकापे सकिनी ।' तर यो कथा पनि शैली, भाषा र दृष्टिकोण सम्प्रेषणको अर्थमा 'मैले नजःमाएको छोरो' को छोरोको त के कुरा, खनाती पनि हुन सकेको छैन ।

'साल्गीको बलात्कृत आँसु' मा संग्रहित पारिजातका यी कथाहरू र उनका कथागत उद्देश्यहरूलाई प्रष्टपार्दै समालोचक देवी शर्मा भन्छिन्–"पारिजातको लेखनको मुख्य उद्देश्य (उनका अनुसार) समाजलाई गतिमय बनाउने भएको हुनाले यहाँ भएका सबै कथाले त्यही सन्देश दिएका छन् ।.....पारिजातले आफ्ना कथाको माध्यमबाट नारीमुक्ति र शोषित वर्गको उत्थान गर्ने प्रयास गरेकी छिन् ।" (सोध र समीक्षा, पृ. ६९)

तर कथाकार पारिजातको कथाकालको हिजो र आजको उनको कथाकारिता र अवधारणालाई केलाउँदै शैलेन्द्र साकार भन्छन्–"नित्सेको निस्सारतावाद र महामानवपट्टी उहाँको झुकाउ थियो । बाध्यता, निस्सारता, नपुंसक विद्रोह र अर्थहिनता मूलभूत विशेषता थिएभने हाल उहाँ जीवनोपयोगी साहित्यको सृजनामा, जन जीवनको सफल चरित्र चित्रणमा र उनीहरूको बीच बाँचनसक्ने चरित्र नायकको खोजीमा संलग्न रहनुभएको छ ।" (कथामा नारी हस्ताक्षर, पृ. ३१) ।

पारिजातका यी प्रगतिशील कथाहरूमा 'प्रगतिशील' शब्दलाई व्यापक अर्थ प्रदान गर्ने कथानकतत्व, भाषा, शैली, चरित्र चित्रण आदिको नितान्त अभाव पाइन्छ । त्यस्तै पारिजात प्रगतिशील कथाकार हुनु र अस्तित्ववादी-विसंगतिवादी कथाकार हुनुले उनको अभिव्यक्ति शैलीमा खास कुनै भिन्नता ल्याउन सकेको छैन । उनको शैलीको कुरा गर्दा खाली कामी काले र काले कामीको भिन्नतामात्र देख्न पर्दछ । त्यस्तै वस्तुपरक शैलीमा पारिजातको कलम दगुर्न नसकेको प्रत्यक्ष प्रमाण हो–'साल्गीको बलात्कृत आँसु' मा संग्रहित कथाहरू । पारिजातका यी कथाहरूमा उनका अघिल्ला चरणका कथाहरूमा जीवनलाई शून्य, निस्सार र व्यर्थ सम्झिदिने आग्रह भएझैं कतै कतै प्रगतिवादी वैचारिक आग्रह तीव्र रूपले अघि आइपुग्छन् । तर ती आग्रहहरूको कुनै शृंखलाबद्ध स्वर नै हुँदैन कथामा । ती वैचारिक आग्रहहरू पारिजातका कथाहरूमा बिना पृष्ठभूमि, बिना सचेतता वा बिना चेतनाकै स्वयंभू बनेर बरूवक बुकुंसी मारेर पाठक सामु निस्किदिन्छन् । यस अर्थमा प्रगतिवादी दृष्टिकोणले नै हेर्ने हो भने पनि साल्गीको बलात्कृत आँसुमा संग्रहित पारिजातका कथाहरू प्रगतिशील कथा नै होइनन्, तो त कथाको नाममा केवल कथाका फ्रेम हुन् जहाँ कथानकतत्व, चरित्र-चित्रण, विषयवस्तुको गहिराई, उद्देश्य, परिस्कृत भाषा शैली आदिको अभावै अभाव पाइन्छ । त्यसैले 'साल्गीको बलात्कृत आँसु' कथा संग्रह भन्नु नै भाषा र शैलीरूपी शरीर र उद्देश्यगत आत्माबिनाको यानी तस्वीर बिनाको खाली फ्रेममात्र हो भन्दा अत्युक्ति नहोला । ✶

कविता

तिमीले दिएको सिसाकलम

—श्रवण मुकारुङ

कविलाई उपहार भनेर तिमीले दिएको सिसाकलम
खै कहाँ खसाएँ कहाँ...!

□

थतिञ्जेल जतन गरिराखेको
कलेजोले बेह्रिराखेको
कुन बेहोशीले जित्यो मेरा सबै होशहरूलाई ?
उपहार भनेर तिमीले दिएको सिसाकलम
खै कहाँ खसाएँ कहाँ !

□

कमिजको गोजीबाट झिकेर बेंशमा
कति प्रेमका कविता लेखुँ भन्थें,
सिह्रानीबाट उठाएर धितमरुञ्जेल
रातभर तिमीलाई चिट्ठी लेखुँ भन्थें,

□

हजार कोमल कथाहरू तिमीसँगको
तो, त्यसैले लेखेर हुर्काउँदै थिएँ
हजार उपकथाहरू जीवनको
तो, त्यसैले सच्चाउँन् थियो
एउटा कविता विश्वासको
जो तिम्रो लागि लेखि नसक्दै-सिसाकलम
खै कहाँ खसाएँ कहाँ...!

□

छाम्छु-भूइँ र टेबुल
माझें : धूलो र चुरोटका ठुट्टाहरू छन्
उधाछुँ-दराज
माझें थोत्रा पुस्तक र नाङ्गा हेङ्गरहरू छन्
सिमन्दा छु-थुट्टामा जुत्ता नभए जस्तो भएँ
ग्लानी हुन्छ-टाउकोमा टोपी नभए जस्तो भएँ

□

कविलाई उपहार भनेर तिमीले दिएको सिसाकलम
खै कहाँ खसाएँ कहाँ !
नफुल्दै फूलजस्तो तिमीले दिएको माया
खै कहाँ बसाएँ कहाँ...!!

□□

मुक्तक

म मरी गएपनि सिगारी दिनु
एक थुङ्गा फूल
मेरो लास माथि
मेरो लास खरानी भै गएपनि
चुहाई दिनु एक थोपा आँसु
मेरो खरानी भएको लास माथि

—आराम श्रेष्ठ
महाराजगञ्ज

लेख

'विभूति' को पहिलो अङ्क

–हरि मञ्जुश्री

नेपालको साहित्यिक पत्रकारिताको इतिहास कसैले लेख्यो भने उसले 'विभूति' नामको साहित्यिक संकलनको नाउँ लेख्न लेख्तैन, भन्न कठिन छ। धेरै वर्षसम्म लगातार नचलेको, धेरै प्रचारमा पनि नआएको र नियमित रूपमा प्रकाशित नभएको हुनाले 'विभूति' साहित्यका धेरै पाठकले बिसिसकेको पनि हुन सक्छ। व्यवहारलाई भन्दा आदर्शलाई अघि सारेर, ठूला ठूला गफ छाँटेर, हवाई कल्पनामा उडेर अनि उच्च महत्त्वाकांक्षा राखेर प्रकाशन शुरू गरिएका साहित्यिक पत्रिकाहरू मुश्किलैले स्थायी रूपमा निस्कन्छन्। त्यसमा पनि सामयिक सङ्कलनको रूपमा निकालेर पछि बर्ता गराइ नियमित र स्तरीय रूपमा निस्कने साहित्यिक पत्रिका ज्यादै कम छन्। सम्पादकको इच्छाशक्तिको भरमा जेनतेन प्राण धानिरहेका साहित्यिक पत्रिकाहरू साहित्यिक पत्रकारिताको इतिहासका प्रमुख पत्रिकाहरू बन्छन्। वर्तमान अवस्थामा त दर्तावाला र स्तरीय साहित्यिक पत्रिकालाई बाँच्न धौ धौ परिरहेको छ भने यसभन्दा को त कुरै के! त्यस्तो अवस्थामा 'विभूति' नियमित रूपमा प्रकाशनमा आओस् पनि कसरी!

'विभूति' आजभन्दा २० वर्ष अगाडि अर्थात् २०२९ साल पुसमा प्रकाशित भएको थियो। यो लेखकको सङ्कलनमा 'विभूति' को पहिलो अङ्क मात्रै सङ्कलित छ। पहिलो अङ्कको 'सम्पादकीय' मा शारदा, युगवाणी र रूपरेखालाई प्रेरणास्रोत मानेर पत्रिका प्रकाशन गर्न शुरू गरिएको कुरा उल्लेख छ। एकराज्यू शाहको सम्पादन/प्रकाशनमा एक रुपियाँ मूल्य राखी टेबहालको सङ्कटा प्रेसमा मुद्रण गरिएको 'विभूति' को कार्यालय शाहजीको घर बानेश्वरमा राखिएको देखिन्छ। राम्रै खालको सेतो कागजमा जम्मा ४६ पृष्ठ मुद्रित यो अङ्कको आवरण–चित्र के. कर्माचार्यले तयार पार्नु भएको छ। सेतो कागजको आवरणमा हरियो रङ्गमा नेपालको नक्शा छ र नक्शामित्र छड्के पारेर रातो रङ्गमा 'विभूति' छापिएको छ। पत्रिका 'डिमाइ' आकारको छ।

"विभूति नेपाली जनताका अनन्त आह, विवशता, वेदना एवं सामाजिक तथा सांस्कृतिक विद्रोहको प्रतिबिम्ब हो।.....यो अहिले अलि सन्दिग्धतापूर्वक प्रकाशित भएको छ तापनि निकट भविष्यमा यसले आफ्नो सही अनुहार पाठक समक्ष प्रस्तुत गर्नेछ।"— पहिलो अङ्कको सम्पादकीयमा यस्तो लेखिएको छ। पहिलो अङ्क सम्पादकले चाहेजस्तो छैन भन्ने कुरा यसले प्रष्ट पार्छ। "सन्दिग्धतापूर्वक प्रकाशित" पहिलो अङ्कमा १४ जनाका रचनाहरू छन्। कविता १० जनाका १० वटा छन्। कविहरू छन्–उद्दीपसिंह थापा (नेपाल

ग्रामाको गुनासो), कुञ्जविक्रम राणा (गौरव-गान), हरिहर शास्त्री (नाटोको सार्वभौमिकता), भरतमणि अङ्गम (शङ्का छ), सुश्री पुष्पा कंडेल (नारी), श्यामदास वैष्णव (निराकरण), दामोदर घिमिरे (मेरो कथा), मुकुन्दराज आचार्य (पैगाम), कृष्ण पाखिन (शरणार्थी) र रामचन्द्र भट्टराई। बाँकी ४ रचनामा दौलतविक्रम विष्टको लघुकथा (अस्थायी), भुवनलाल प्रधानको साहित्यिक लेख (साहित्य-एक चिनारी), श्रीमती ईश्वरी खड्काको कथा (खे के भनूँ ?) र रामराज पौडयालको लेख (शिष्टाचार) छन्। विषय-सूचीमा चाहिं कुञ्जविक्रम राणाको नाउँ छैन।

पत्रिकाको एउटा विशेषता के छ भने राजा महेन्द्र र पञ्चायत व्यवस्थाको गुणगान गरिएका दुई कविताबाट रचनाहरू पढ्न शुरू गरिन्छ र अन्तिमतिरका कविताहरूमा 'रातो क्रान्ति' का लागि आव्हान पढ्न पाइन्छ। सम्पादकीयमा सम्पादकले भन्न खोजेको 'सही अनुहार' को परिभाषा तिनै 'वामपन्थी कविता' हरूबाट आउला जस्तो महसूस हुन्छ।

'विभूति' अन्य पत्रिका झैं आर्थिक कठिनाइको कारण नचलेको हो या कुनै अर्को कारण छ, यो लेखकलाई थाहा छैन। पहिलो अङ्कको सम्पादकीयमा आर्थिक अवस्था बारे कहीं उल्लेख छैन र त्यस अङ्कमा १५ वटा ठूलाठूला विज्ञापनहरू छापिएका छन्। सम्पादकलाई अर्थ सम्बन्धी कुनै चिन्ता रहेनछ कि, या सम्पादक उडन्ते विचारका रहेछन् कि भन्ने प्रश्न पहिलो अङ्क हेरेपछि गर्न मन लाग्छ।

'विभूति' को पहिलो अङ्कको बारेमा सामान्य जानकारी यतिबाट हुन्छ होला जस्तो लागेको छ। साहित्यिक पत्रिकाहरू उत्साहपूर्वक निस्कँदै र अनिच्छापूर्वक बन्द हुँदै गरेको सन्दर्भ साहित्यिक पाठकहरूबाट लुकेको छैन। यस्तो स्थितिले अनुसन्धाताहरूलाई अप्ठारोमा पारिदिएको छ। 'विभूति' जस्ता पत्रिकाहरू कुन कुन कति कति निस्किए भन्ने विषयमा विद्वान्हरूबाट जानकारी पाउन सके साहित्यका विद्यार्थीहरू लाभान्वित हुने थिए। यो लेख लेख्नुको उद्देश्य यनि यस्ता अन्य लेखहरूको निम्ति विद्वान्हरूलाई यच्चयाउनु हो।

—२०४६।५।३०
बानेश्वर, काठमाडौं

'परिभाषा'

—रेणु वैष्णव

धेरै परिभाषा जिन्दगीको
सपना, नाटक, भुलभुलैया समय।
वैचारिक प्रवाहले पग्लिएको 'जिन्दगी
केवल तरल तरंग मात्र।
मृत्युको साथ लागेको जिन्दगी
केवल एक परिभाषा मात्र॥
अनि;
परिभाषा नै परिभाषाको सागर जिन्दगी
केवल एक छाल मात्र।
परिभाषाको अन्त्यको क्रममा 'जिन्दगी'
नयाँ जन्मन्छ, फेरि नयाँ नयाँ
नव परिभाषाको नव जन्म जिन्दगी
परिभाषा के केन्द्र मात्र,
अस्तित्व खोज्न भौंतारिएको जिन्दगी,
थकित र लाचार,
बयानमायमा पोतिएको रंग मात्र।
शून्यभित्रको शून्य जिन्दगी
परिभाषा नै शून्य थिए
रौरवको त्यो पिण्ड हो जिन्दगी
विलीन परिभाषा, परिभाषा नै भिन्न॥

कृति परिचय

वि. सं. २०४६ सालदेखि २०४८ सालसम्मका विभिन्न पत्रपत्रिकामा छापिएका रचनाहरू र नयाँ रचनाहरू समेटेर कवि उज्वल जी. सी. ले नेपाली साहित्य फाँटमा नौलो किसिमको बोलारोपण गर्नु भएको छ। कविका मनका तरंगहरू तरंगित हुँदै, सलबलाउँदै कुनै कुनै कविता मुक्तकको रूपमा पोखिएका छन्। जसको समष्टि नाम हो 'मनका तरंगहरू'।

वयोवृद्ध कवि श्री केदारमान व्यथितज्यूले दिनु भएको छोटो शुभ सन्देशले महत्वपूर्ण निर्देशन प्राप्त गरेको यस प्रकाशनमा स्वयं कवि उज्वल जी. सी. ले भने झैं "मुना मदन, र 'गौरी' ले जस्तै त्यसपछिका अन्य कृतिहरूले किन जनमानसलाई आकर्षित गर्न सकेनन् ? यो प्रश्नको उत्तर शायद धेरै समयदेखि कुनै कृतिले दिन सकेका छैनन्। नेपाली साहित्यलाई उर्वर पार्ने त्यो समय अनेक कवि लेखक विद्यमान् रहेपनि प्राप्त हुन सकेको छैन। यही कुरालाई कवि उज्वल जी. सी. ले संकेत गर्नु भएको होला तर नयाँ नयाँ प्रतिभाहरूको साहित्यमा त्यति चिन्तित हुनु पर्ने अवस्था भविष्यमा पर्दैन होला।

यस कविता संग्रह भित्र २० वटा शीर्षकमा रहेका गद्यात्मक कविताले विभिन्न विसंगतिहरूलाई कोट्याउने चेष्टा गरेका छन् भने १५ वटा गीतहरूले मनका आवेग र हृदयभित्र गुम्सिरहेका इच्छा, चाहनाहरूलाई अभिव्यक्ति दिएका छन्।

यस संग्रह भित्र परेका ८ वटा गजल पनि गीत झैं सजीव देखिन्छन् भने मुक्तक कविका मनका तरंगहरूसंग मुक्त भएर अभिव्यक्त भएका छन्। तसर्थ कविको कलमले निरन्तरता जारी राख्यो भने अवश्य पनि भविष्यमा स्वयंले चाहे जस्तै उत्कृष्ट कृति नेपाली साहित्यमा देखापर्ने आशा लिन सकिन्छ।

कृति– 'मनका तरंगहरू'

कवि– उज्वल जी. सी.

प्रकाशक– स्वयम्

मिति– २०४८ साउन

मूल्य– १५।– (पन्ध्र)

× × ×

२०४९ साल श्रावणमा कवि उज्वल जी. सी. ले बाल कविता संग्रह "बाल लहरी" बाल पाठकहरूको सामु राखिदिनु भएको छ। यस संग्रहको लागि 'मन्तव्य' दिँदै सिद्धहस्त कवि 'बासु शशी' ले जसले बच्चाका लागि लेख्छ उसले भोलिका लागि पनि लेख्छ जसले भोलिका लागि लेख्छ उसले सदाका लागि लेख्छ" भन्दै कविलाई 'ध्रुवकवि' भन्नु भएको छ।

बाल कविताहरूलाई साधारण मान्नु हुँदैन किनकि उनीहरूलाई रोचक र खेल्ने, भुद्ने, भविष्य निर्माणको

मानसिकता जगाउने खालको हुनुपर्छ । साधारण बोल-चालको शब्द चयन हुनु पर्छ । तसर्थ बाल कविता लेख्ने कार्य कठीन हो त्यो कार्य कविले सहज किसिमबाट पार गर्नु भएको छ । यसमा २६ वटा कविता विभिन्न शीर्षक दिएर लेखिएका छन् र धेरै कविताहरू सारै रोचक, शब्दलालित्यले परिपूर्ण छन् ।

कृति– बाल लहरी (कविता संग्रह)

कवि– उज्वल जी. सी.

प्रकाशक– स्वयम्

प्रकाशन मिति– २०४९ साउन

मूल्य– १० (दश)

मुद्रक– जनता प्रेस, फसिकेब काठमाडौं ।

× × ×

वि. सं. २०४९ साल दीपावलीको शुभ अवसर-मा हरि मञ्जुश्रीद्वारा सम्पादित कविता संग्रह भाग एकको रूपमा नयाँ-प्रतिभाहरूलाई समाविष्ट गरी प्रकाशित भएको छ–नयाँ युगका कविताहरू ।

यस संग्रहमा हरि मञ्जुश्री, रीता शर्मा, नारायण गोदारे, गीता मञ्जुश्री, तीर्थराज अधिकारी, चेतोनाथ अधिकारी, रामचन्द्र आचार्य र जलन शाहका कविताहरू परेका छन् । यसको प्रारम्भमा आठ जना कवि/कवियित्रि-हरूको संक्षिप्त परिचय दिइएको छ ।

सम्पादक तथा कवि हरि मञ्जुश्रीका कविताले वस्तौ सर्नु परेतापनि सम्पूर्णता आफ्नो जन्मस्थलमा नै पाइने लक्ष्य गरेका छन् भने रीता शर्माका कविता जीन्दगीको मार्ग पहिल्याउन खोज्दै विसंगतिलाई कोट्याउने चेष्टामा लागेका छन् । बादल र मान्छेको तुलना गर्दै मान्छेको मगज भित्र बादलहरू कै द्वन्द देख्छन् नारायण गोदारे । यस्तै गीता मञ्जुश्रीका कविताले जीवन मार्ग पहिल्याउन खोज्दै तपाई र मपाईको अर्थ लगाउन खोजे-को मात्र नभइ हरेक मानव भित्र भित्रै जलिरहेको कुरा देखाउँछन् । तीर्थराज अधिकारी वर्तमान राजनीतिको खेलबाट त्रसित देखिनुका साथै धामका उज्याला पाइला-संग मुटुमा प्राण भर्न तम्सिनु भएको छ । चेतोनाथ अधिकारीका कविताले देशभक्ति, अस्तित्व र जिन्दगीका रहस्यहरूलाई छलंङ्गयाउन खोजेका छन् । सबभन्दा खुशीको कुरा त कविताको मूर्त रूप यहाँ देख्न पाइन्छ । आज छन्द भने पछि सुई कुच्चा ठोक्ने समयमा छन्दोबद्ध कविता सरह पढ्न पाउँदा मन हर्षित हुन्छ । राम-चन्द्र आचार्यका कवितामा बाहिरी संसारलाई देखेर हृदय भित्र कुम्सिएका वेदनाहरू प्रकट भएका छन् भने जलन शाहका कवितामा समसामयिक कुराहरू व्यक्त गरिएका छन् ।

सम्पादक हरि मञ्जुश्रीले नयाँ प्रतिभाका लागि जुन अभियान चलाउनु भएको छ त्यो अनुकरणीय छ । यस्ता प्रकाशनले नेपाली भाषा, साहित्यलाई अवश्य पनि ठूलो योगदान पुग्ने नै छ भन्ने आशा लिन सकिन्छ ।

कृति–नयाँ युगका कविताहरू (कविता संग्रह)

सम्पादक–हरि मञ्जुश्री

प्रकाशक–सामूहिक

संस्करण–प्रथम (१००० प्रति)

समय–२०४९ को दीपावली

मूल्य–६।– (छ मात्र)

पृष्ठ–४६

–ठाकुर शर्मा

कविता अनुभूतिले रङ्गाएको बुद्धि हो

–प्रो. विल्सन

देखिन्छ ईश कुन मन्दिरमा पसेर
त्यो हाँस्छ शुद्ध मन आसनमा बसेर

–महाकवि देवकोटा

कविता

तिमी बहादुर हुन सक्तैनौ

–वियोगी बुढाथोकी

बाहिरको उज्यालोलाई
भित्र पस्नबाट किन रोक्छौ
झ्याल खोल्न हातहरू सक्षम छैनन् भने सुन
झ्याल बहादुरलाई झ्याल खोल्न लगाउ
आदेशमा स्वच्छ वातावरण पिउन
तिमीले बहादुरकै शरण पर्नुपर्छ
तिमी बहादुर होइनौ, हुन सक्तैनौ
नहुनुको दुःखभन्दा ओकातको सुखले लठ्याएको छ
ओकातलाई अंकुश किन लगाउँछौ
अंकुशले सद्भावनाको झाल जन्माउन सक्तैन
हुने मध्येको समकक्षमा उभिएर पनि
अभिनयमा अभावको फूल किन टिप्छौ ?
बन्द ढोकाभित्र गुम्सिएर
कति दिन बाँचेको अभिमानमा
रित्ता गिलासहरू क्रमश रित्याउँछौ
भर्छौ, रित्याउछौ–रित्याउछौ र भर्छौ
हैकमका शब्दलाई संरक्षणको छतमुनि राख्न
कालो धन पर्याप्त छ
तिमी सफल छौ
तिम्रो सफलताका कारणहरू
बन्द ढोका बाहिरको अभावले बुझेको छ

ढोका किन बन्द गर्छौ
ढोका खोल्न तिम्रा हातहरू सक्षम छैनन भने सुन
ढोका बहादुरलाई ढोका खोल्न लगाउ
तिम्रो सुरक्षा तलमाथि पर्दैन
बन्द ढोका बाहिरको चौरमा
सुरक्षा बहादुर तैनाथ छैंछ
प्रवेश–निषेधको पर्खाल कसले नाघ्न सक्छ र ?
तिमी शंकाले ढोका थुन्छौ
शंकालाई मनको आश्रयमा किन थुन्छौ
तिम्रो जातले डरछेकवामा दर्ता हुन मन्जुर गर्दैन
इतिहासले वर्जित गरेको कार्यलाई
तिमी फाड्न सक्तैनौ
आवश्यकता–
तिम्रो लागि फोनबाट पूर्ति हुन्छ
आफू भित्रका यावत कुराहरू
पयाक्सबाट नै बाहिरिन्छन्
ज्यानल मिलाउन जाने पुग्छ
विश्व रमझम नाच्न आउँछन्
कम्प्यूटरले नै तिम्रो
डेबिट–क्रेडिटको थान्को लगाउँछ
किन अभावले लखेटिएको कुरा गर्छौ ?
यो नै अभाव हो भने सुन

व्यंग कथा

राम कहानी

—रामप्रसाद पन्त

राम कहानीको इतिहास धेरै लामो छ परापूर्व कालदेखिको । राम कहानीलाई मान्छेले आ-आफ्नै दृष्टिले हेर्ने गरेका छन् । कुनै विचित्रको कुरा वा उडन्ते कुरा सुन्दा मान्छेले राम कहानी अगाडि सार्छन् र त्यसलाई कथाको रूप दिन्छन् । प्राचीन राम कहानीका आफ्नै विशेषता छन् त्यो कहानीले सबै पक्षलाई समेटेको छ-कुनै पनि पक्षसंग राम कहानी अछूतो छैन । त्यही समय रूपलाई आजको समाजले वेलीविस्तार लाउँदा राम कहानीको संज्ञा दिन्छन् र स्मरण गर्दछन् । जुन कहानी विचित्रमय छ, रहस्यमय छ, उडन्ते र हाँसो उठ्दो छ ।

प्राचीन कालमा तीनवटा राम बढि चर्चामा थिए—रामचन्द्र, परशुराम, बलराम । यो त्रेता र द्वापर युगको कुरा हो । आजको कुरा बेग्लै छ-रामको संख्या उनीहरूको विविध चरित्रावली र विविध विरुदावलीमा विकशित भएको छ । कलीयुगीय मानिसको आयु छोटो छ काम धेरै छ, थोरै समयमा अधिकाधिक ऐश्वर्य सिद्धि प्राप्त गरी राम कहानीसंग नाम जोडाउन सक्नु कलीयुगीय मानिसको धर्म हो ।

कविताराम एउटा भजन मण्डलको सदस्य हो । वाकपटुता उसको स्वभाव हो, कलात्मकता उसको शोल हो । लेखनीबाट होस् या मुखारविन्दबाट—उसको भनाईमा चतुर्याई लुकेको हुन्छ, कलाकारिता घुसेको हुन्छ । उ जे बोल्छ बडो बुद्धिमानी पुर्याएर बोल्छ । जसको नामोच्चारण उ गरीरहेको हुन्छ, उसलाई थाहै हुँदैन कि त्यसले मलाई आकाशमा उडाई रहेको छ या रसातलमा पुर्याई रहेको छ, धरतीमा नचाई रहेको छ या भूमण्डलमा घुमाई रहेको छ । उसले आफ्नो स्वार्थ पूरा गर्न समय परिस्थिति अनुसारका भजन र समय सापेक्ष गीतहरू कण्ठस्थ पारेको हुन्छ जसको रागयुक्त स्वर लहरीमा गाथा पिपाशु मन्त्रमुग्ध सर्प जस्तो लठ्ठिई रहेको हुन्छ । जसले पछाडि फर्केर हेर्न जानेको हुँदैन, भूतकालमा गाएका गीतका रेकर्डहरू, कलाकृत अनुहार र छापेका कविताका पाउ तथा भजनका पंतिहरूलाई उसले व्यर्थ साबित गरी सकेको हुन्छ । सोध्नेलाई स्पष्टीकरण दिन तयार हुन्छ र प्रश्नकर्तालाई उल्टै प्रश्न सोधेर अवाक पारी दिने खुबी राख्छ ।

दाताराम पहिले पनि दाता थियो, अहिले पनि दाता छ र पछि पनि दाता नै रहने निश्चित परिवेश तयार गरेको छ । दान दिनु उसको धर्म हो । कुन धन कहाँ लगाए पछि त्यसको असली फल प्राप्त गर्न सकिन्छ उसलाई थाहा हुन्छ । दानको उपयोग गर्नेलाई दाताको चलाखी थाहा हुँदैन, उ नाङ्गो हुँदै गैरहेको हुन्छ, भिखारी भैसकेको हुन्छ तापनि गर्वसाथ भन्ने गर्छ-मैले

बुद्धिमानीको काम गरेकोछ, मेरो विवेकको पहुँचले दूरगामी प्रभाव पारीरहेको छ। जुन दाताको मृदङ्गतालमा मारुनी नाच नाचीरहेको हुन्छ र तालको जालमा उ यति फसिसकेको हुन्छ कि उ निस्कन सक्तैन। तैपनि उ भन्ने गर्छ–यी मेरा धर्मानुचारी र अनुयायी हुन–जुन मेरो इसाराको अनुसरण गरीरहेका छन्। त्यसैले दाताराम-हरुले दानको आडमा चलाखीको घमण्ड गर्नेलाई निर्वस्त्र गरी पूर्ववत् अकण्टक रुपमा आपनो स्वार्थ सिद्ध गर्न सबल र सक्षम हुन्छन्।

राजारामहरु सधैं निस्कलंक र दोषरहीत हुन्छन्। उनीहरुलाई दोषीको संज्ञा दिनु किमार्थ प्रमाण मिल्दैन। धर्मको आडमा शोषण गर्नेहरुले भगवानको लीला भनी दोषमुक्त हुने बाटो निकाले झैं उनीहरुले माथिको आदेश भनी उम्किन्छन्। माथि भनेको कहांसम्म हो त्यसको मापदण्ड वा परिमाण कति छ त्यो कसैले सोध्दैन, सोध्ने हिम्मत गर्दैन र सोधि हाल्यो भने पनि ठोस जवाफ आउँदैन। यसकारण कि उनीहरु माथिका कुरा गर्छन्, नियमले अनुबन्धित गर्न नसक्ने अतिशयोक्तिपूर्ण आधार पेश गर्दछन्। उनीहरु जस्तो मौका आयो त्यस्तै जवाफ दिन र मौका अनुसार काम गर्न सक्छन्, समयको लगाम हुँदैन उनीहरुमा। जुन समयमा जे कार्य पनि गरी दिन सक्छन्, अथवा आदेशानुसार नगरी दिन पनि सक्छन्। कसैको नामबाट तर्साउन सक्छन्, धम्काउन सक्छन्, कर्तव्याकर्तव्य गरी फाइदा उठाउन सक्छन्। जोविको-पार्जनको लागि सबभन्दा सजिलो उपाय छ उनी हरुमा उनीहरुमा सबैथोक छ तर केही पनि छैन, केही पनि छैन तर सबैथोक छ। शक्ति सम्पन्न छन् तर अत्यन्त दुर्बल छन्। केही पनि छैनन् तर सर्व शक्ति सम्पन्न छन्। अर्काको बुद्धि, बल, विवेक र ऐश्वर्यका उपभोग गर्ने तर उनैको दुर्बलता, अदूरदर्शिता, विवेकहीनता र विपन्नता-संग ठ्याम्मै सरोकार नगर्ने अनोठो प्रवृत्ति हुन्छ राजा-रामहरुमा।

मौठारामहरुको गति यत्रतत्र सर्वत्र हुन्छ। उनी-हरुले कबिहरुको गतिलाई पनि मात गर्न सक्छन्, के गर्दा के हुन्छ र कसो गर्दा काम हुन्छ सबै तर्किप थाहा हुन्छ उनीहरुलाई। समयको गतिले उनीहरुलाई प्रभाव पार्न सक्तैन। देश काल परिस्थिति अनुसार उनीहरु बर्तन सक्छन्, खाएको कुरा तुरुन्त पचाई दिन सक्छन्, बोलेको कुरा बिर्साई दिन सक्छन्, लेखेको कुरा मेटाई दिन सक्छन्, प्रामाणिक रेकर्ड जलाई दिन सक्छन्, कस्तै अभिलेख होउन कि शिलालेख टुटाई दिन सक्छन्, फुटाई दिन सक्छन् र सधैंको लागि नामोनिशान मेटाई दिन सक्छन्। अनि जस्तो सुकै बुद्धिमान छ भन्नेलाई पनि थाङ्गनामा सुताई दिन सक्छन्।

देशमा जस्तो सुकै क्रान्ति होस् कि परिवर्तन, उनीहरुलाई त्यस्तो क्रान्ति वा परिवर्तनले छुँदैन। राज-नीतिक परिवर्तन होस् वा सामाजिक उसको मानसिक-तामा परिवर्तन आएको हुँदैन। आएको हुन्छ उसको चाकरी चापलुसी र चतुर्याईको कलामा। मौठा समूहको एकजना कृष्णमान दाई पार्टीको नाम लिदा अट्टहास हांसो हांस्यो र भन्ने गर्थ्यो–के कुरा गर्नु हुन्छ तपाई, कहां छ अब पार्टी ! पार्टीको नाम नलिनुस् पार्टी त विलीन भैसक्यो, राष्ट्रिय मूल प्रवाहमा समाहित भैसक्यो। आज त्यही कृष्णमान दाई भन्ने गर्छ–भाई ! हामी पार्टी-का पक्षधर त्यसैमा पनि सरकारवादी पार्टी, विपक्ष वा प्रजातन्त्र विरोधी पुरातनवादी तत्वहरुसंग मुकाबिला गर्न घेरै गाह्रो पो भैसक्यो। हरिगोपाल दाई पहिले खुल्लेआम नारा दिएर हिंड्ने गर्थ्यो–मुट्ठिभर तत्वको काक कलरवलाई हामीले सदाको लागि समाप्त पार्नु पर्छ, अनि यसै तन्त्रलाई अकण्टक सञ्चालन गर्नु पर्छ। त्यही

हरिगोपाल दाई आज पार्टीमा हावी भएर सन्तापक्षको गरिमामा इतिहास कोर्ने जिम्मा लिएको छ । हीरामान दाई अस्तिसम्म ताकपरे तिवारी नव गोतामेको अघोषित नारा लगाउँदै सिंगेदाउमा लागि रहेको हुन्थ्यो, मौका पाए वल्झाउँथ्यो, खाएर डकार्थ्यो, खाम नपाए झोक्किएर घर फर्कन्थ्यो र दाउका बाधकतत्वलाई भस्मासुर गाली गर्थ्यो । त्यही हीरामान दाई आज हीराको फूल पार्ने कीरा पाएर अलमस्त छ, उसलाई राष्ट्र, राष्ट्रियता राष्ट्रिय सम्पत्ति र जनताको कुनै सरोकार छैन । श्याम कृष्ण दाई हिजोसम्म सर्वोच्च शक्तिको नामोच्चारण गर्दै भन्ने गर्थ्यो–हामी त उसैका मान्छे, हामीलाई कस्को के डर ! क्रान्तिको नारा दिने यो नायेहरू २–४ दिन कराउँछन् १–२ जनालाई गोलीको स्वाद चखाएपछि थन्किन्छन् । त्यतापट्टि चासो राख्ने, कान थाप्ने र नजर दौडाउनेलाई सचेत गराउँथ्यो–आँखामा पट्टीबाधी, नाकमा नत्थी लगाई, कानमा कपास कोचेर, कुर्तीमा बस्नुस्, कलम बन्दको नामै नलिनुस्, अन्यथा नाम ब्लाक लिष्टमा पर्ने सक्छ ।

दयारामहरूको गति सधै दयनीय हुन्छ, उनीहरूको गति कहिल्यै पनि उँभो हुँदैन । आस्था, विश्वास र नैतिकताको नसाले उनीहरूलाई लठ्याई रहेको हुन्छ । जालीझेली र जम्बुक बुद्धिका धुर्त कलाधारीहरूले उनीहरूको अगाडि सर्ने पाईलालाई थिचि दिएका हुन्छन् । जुन थिचाईको दुखाई नसाको शिथिलता पछि मात्र अलिकति थाहा हुन सक्छ । त्यसबारे केही गम्भीर हुन्छन्, केही सम्झन्छन्, केही बुझ्छन् र केही अनुभव गर्छन् तर आस्थाको नसा बदल्न सक्दैनन् । हेर्दहिँदै धनवीर दाई हिजोकै ठाउँमा बलवान दक्षिणबाहु बनेर बस्दछ, हिजोको कुख्यात सल्लाहकार आज सुविख्यात सल्लाहकारमा चर्चित हुँदैछ । हिजोका मानिसको विश्वास पात्र गुञ्जमान दाई आज पनि उत्तिकै विश्वास जित्न अफल छ । हिजोका शासकहरूलाई खुसी तुल्याउन सफल भक्त बहादुर दाई आजपनि प्रशासकमा उत्तिकै दक्ष साबित हुँदैछ । कति चेतेहरूले बैसाखीको सहारा लिईसके, कति अभियुक्तहरूले सफाई पाईसके, कति नव अनुहारहरूले पुरानाको अनुहार बिर्साइ सके । देखादेखै कति अवसरवादी पाखण्डीहरूले आपनो बुद्धिविवेकको कमाई र शिर्जनशील आर्जनलाई खोस्न थाले, आफूचाहीं बकम्फूस जस्ताको तस्तै । साँच्चै नै भूकम्पले प्राणिको योनीलाई बदली दिंदो रहेनछ, अनुहारमा परिवर्तन पनि गरी दिंदो रहनेछ, दाहिने हातलाई बायाँ र दायाँ हातलाई दाहिनेतिर पनि त गर्ने सक्दो रहने छ, अझ मानिसको मानसिक कलुषतामा निर्मलता दिन त झन् सक्दै सक्दो रहेनछ भने भूकम्प आउनुको के मतलब रह्यो ! यो त केवल लेप लगाएर अनुहारको बाह्य आकृतिमा कृत्रिमता थप्ने काम मात्र पो भयो । त्यसैले शिक्काछैन् दयारामहरू आफूलाई–समय न युगको, काल न परिस्थितिको, बेला न कुबेलाको, बुझ न सुझको, आपनो संस्था र आस्थाको अनधिकृत आडम्बरी अडानलाई ।

मुक्तक

उनी त केवल मेरी हुन–भावना
हावामा मस्त तैरी रहेकी
नठान्नोस महाशय ! शरेर हावाले उडाएको
कस्तो ध्वांक रहेछ !

आधुनिक फेशनमा पछिबाट
सलल्ल बगेकी कामिनी देखेर–लोभले
अर्काको नासो र चेलीबेटीलाई लिपट दिने कुमनसाय
रत्ति नगर्नोस् सोम–पाप लाग्ला,
त्यसैले विन्ती छ, हिम्मतसाथ नभन्दिनुस कसैले
कस्तो ध्वांक रहेछ ।

–राम प्रसाद राई
शंखवासभा

बेसहाराका सुस्केराहरू

–सुनिल सापकोटा

आज मलाई किन किन एक्लो रहेछु भन्ने महसुस भैरहेको छ। हुनपनि म एक्लो थिएँ। म कसैलाई चाहन्थे एकाकीपन हटाउन तर म नराम्रोसंग टुक्रिएँ। यसरी टुक्रिनुमा खास कारण त देखिन तर.....टुक्रिएँ। एउटा सानो कारण उब्जियो हाम्रो बीचमा। त्यसैलाई पहाड बनाएर म तिरस्कृत हुनपुगें। मैले एउटा भरपर्दो सहाराको रूपमा उनलाई अपनाउने अठोट गरेको थिएँ। तर मेरा सबै अठोटहरूमा तुषारापात गरिदिइन् उनले। सायद पहिल्यै मलाई उनले अगाडि बढ्ने संकेत नदिएको भए म अगाडि बढ्ने हिम्मत गर्न थिईन। तर अहिले आएर तिरस्कृत हुनुपर्दा मेरो मुखबाट अनायासै निस्किन्छन्...सुस्केराहरू...।

उनी मलाई भित्री दिलदेखि चाहन्छिन् भन्ने कुरा भेटघाटमा व्यक्त भावना तथा क्रियाकलापबाट झल्किन्थ्यो। म पनि उनको सामिप्यमा निकै खुसी थिएँ। एकदिन नभेटदा आफूलाई असहाय पाउँथें। सायद त्यति गहिरिनु ठीक थिएन कि! तर गहिरिएछु। उनले पनि हतोत्साह पार्न कुनै कोशिस गरिनन्। आपनो लक्ष्य प्राप्तिमा लगातार बढ्दै गएँ। यात्रा जारी नै थियो। यात्रामा साथ दिने उनी थिइन्। कुनैबेला कसैको सहारा बिना अगाडि बढ्ने कोरा कल्पना हुँदो रहेछ। तर मलाई साथ प्राप्त थियो।

एक्कासी हाम्रो भेट विरल हुन थाल्यो। म बिचल्लित भएँ। सोचें–कुनै कारण अवश्य होला। तर मेरो त वैशाखी भाँचिइसकेको थियो। आजसम्म त उनी वैशाखी भएकी थिइन्। त्यसै सहारामा जीवनको कठिन भन्दा कठिन यात्रामा अगाडि बढ्दै थिएँ। एक्कासी उनी अलग्गिदा.....!

म अधीर हुँदै गएँ। आपनो अन्तरभावनाले भरिएका सेता कागजका चार पानाहरू उनको सामु पुऱ्याउने प्रयास गरें। त्यो गयो तर हाम्रो सम्बन्धको विज्ञापन गर्दै उनको घरभरि छरिन पुग्यो। एकान्तमा समेटिएर रहनु पर्ने यस्ता पानाहरू त्यसरी छरिदा सबैलाई अप्ठ्यारो पर्नु स्वाभाविकै हो। उनलाई पनि निकै अप्ठ्यारो पऱ्यो। त्यसैको फलस्वरूप उनी रिसाईन्। आपनो दानुसंग आत्मसात गराएर मेरो कार्यको प्रतिफल चखाउनेसम्म धम्की दिइन्। यो उनको प्रतिशोध थियो। यस कार्यबाट म बेसहारा बन्न पुगें। मेरा ओठहरूबाट सहारा खोजिएका सुस्केराहरू फुस्किन थाले।

कुनै कुरालाई एकातर्फबाट मात्र सोच्नु मूर्खता हो। उनले पनि त्यही मूर्खता दोहोऱ्याइन। मेरो तर्फबाट एकपटक मात्र बिचार गरिदिएकी भए मेरा उद्देश्यहरू स्वतः प्रष्टिन्थे। तर उनले मलाई बेसहारा बनाउने प्रतिज्ञा गरिसकिछन् क्यार! त्यसैले त मेरो तर्फबाट

सोचिदिने मेरो बिनम्र अनुरोधलाई उनले कुनै महत्व दिइनन् ।

तर म क्रमिक रूपले बेसहारा बन्दै गएँ । एकान्त नै मेरो आत्मा शान्ति गर्ने थलो हुन थाल्यो । आपनो भावना बुझ्न सक्ने कोही थिएन मेरो जीवनमा/एकपटक कसैको सहारा पाएको थिएँ तर त्यो त मेरो सपना पो रहेछ ! कर्मलाई दोष दिने बानी थिएन मेरो । मेरो सहारामा कुनै कमी महशुस भयो होला उनलाई ।

हुनत यो संसारमा एक्लै हुँकिएको थिएँ म । मेरो सहारा भन्नु कोही थिएन । आमाबाबुले सानैमा एक्लाई दिए । अरू नाता कुटुम्ब र आफन्तहरू कोही थिएनन् । यस धर्तीमा मेरो वारिस नै कोही थिएन । यही कुरा चाहा पाएर होला मेरो सहारा हुन अस्वीकार गरेको ! शंकै लाग्छ मलाई । यदि यस्तै हो भने म यस संसारमा बेवारिस भएर मर्ने छु । मेरा कैयौं प्रयासको पुरस्कार स्वरूप उनको सहारा प्राप्त भएको थियो तर क्षणिक, पत्याउनै नसकिने, केवल कोरा कल्पना जस्तो ।

उदास रहनु मेरो दिनचर्या हुन पुग्यो । एकान्तमा आफैंलाई धिक्कार्थें म । मनमा अनेकौं कुरा खेलिरहन्थे । मन अशान्त थियो, शान्ति प्राप्त गर्ने अनेकौं बाटाहरू खोज्थें तर सबै व्यर्थ.....। यस्ता व्यर्थका प्रयासहरू म किन गरिरहन्थें ? त्यसबाट मलाई के लाभ हुन्थ्यो ? म केही सोच्न सक्दिनथें । अनिश्चितता नै मेरो लक्ष्य बनेको थियो ।

एकान्तमा बस्थें प्रायः तर उनको छविले शान्तिसंग बस्न दिंदैनथ्यो । आपनो स्मृतिबाट उनको कल्पना हटाउने प्रयास गर्थें तर सफलता कता थियो कता । अनि फोक्सो भित्रदेखि लामो सास खिचेर ओठका कापाबाट फुस्काउथें .....खुइय/आजकल मेरा प्रत्येक खुइयाहरूसंगै बेसहारा-का सुस्केराहरू निस्कन्छन् । त्यही बेसहाराका सुस्केराहरू फुस्काउनु बाहेक अरू केही गर्न सक्षम छैन म । मेरा इष्ट मित्र, प्रियसी, नाता-कुटुम्ब सबै आफ्नै सुस्केरा-हरू भएका छन् । त्यही नै मेरो सर्वस्व भएकोछ । मेरो जीवन र भविष्यको लक्ष्य नै बेसहाराका सुस्केराहरू भोकल्नु भएको छ । केवल बेसहाराका सुस्केराहरू...।

कोटलाई खाना खुवाउने देवकोटा

२०१२ साल तिरको कुरा, साहित्यमा राम्रै प्रतिष्ठा कमाएका एकजना भारतीय मन्त्री नेपाल भ्रमणमा आए । एउटा विशाल हलमा उनको अभिनन्दन गरियो । महाकवि देवकोटासंग भेटघाट गर्न भारतीय मन्त्रीको अभिलाषा भए अनुसार देवकोटालाई पनि सो समारोहमा आउन निमन्त्रणा पठाइयो । साधारण पोशाकमा अलि ढिलो गरी पुगेका देवकोटालाई पालेले ढोकाबाट पस्न दिएन । उनी फर्केर एकजना साथी कहाँ गै सूट मागेर लगाई आए । त्यसबेला पालेले रोकेन । समारोह सकिएर जलपानको कार्यक्रम चलीरहेको थियो । देवकोटाले त्यहाँ भएको खानेकुरा आफू नखाई खल्तीमा हाल्दै गए । कारण सोध्नेहरूलाई देवकोटाको जवाफ थियो-मेरो के मूल्य छ र मैले खाने ! यसको पो मूल्य छ । यो नभएको भए म भित्र पस्न पाउने थिईन । यसले गर्दा म भित्र पस्न पाएँ-निमन्त्रणा मलाई कहाँ थियो र यसलाई पो थियो । यही खाओस् ।

मुक्तक

मान्छेको भीडमा हराउने म मान्छे
विचारको मोडमा बिलाउने म मान्छे
मान्छेको परिभाषा आफै भएर पनि
मान्छेको परिचय खोज्ने म मान्छे

–अन्जली वज्राचार्य

प्रश्न: आफैमा

—डा. तुलसी भट्टराई

'के भन्नु छ र व्यथा–कथा । जीवनको पूर्वार्ध बिताइहालियो । हामीहरूको औसतन आयु नै कति छ र । म त्यसको संघारमा पुगिसकें । अब जीवनका भोगाइ, अतृप्त कामना-वेदना पोखेर हुनु यो के छ र । जस्तो भयो, जसरी बिताइयो । मर्मान्त पीडा जति खपिए । किन संझनाको वेदीमा चढ़ाइरहने त्यस्तो क्रूर अतीत-लाई ।''

''जीवन मात्र एउटा भोगाइ ।

जीवन मात्र कष्ट र पीडाको जेलाइ ।

जीवन मात्र एउटा जलाइ ।

के हो त यथार्थमा जीवन ।''

भावना पर कर्त शून्यतिर टोलाएर यस्तै के के सोचिरहे-की छन् । पैंतीस वर्षको उमेर पार गरिसकेकी भावना विगत केलाउँदैछन् ।

''खान–लाउन पाउनु जीवनको सार हो–घरैले ठान्दा हुन् । छोराछोरी पाएर हुर्काउन बढाउन पाउनु नै सफल मातृत्व हो–कतिले सोच्लान् । लोग्नेद्वारा अंगूठा छाप गरिएको सिंदूर र लगाम लाइएको पोते आजीवन झलकाइरहन पाउनु नारीको सार्थकता हो–कैयौंको भनाइ होला ।''

''नारी जीवन वास्तवमा अनन्त भोगाइको प्रतिमूर्ति हो ।''

'नारी–पुरुष एउटै रथका दुई पांग्रा'–आदर्शका कुराहरू । छोइ त व्यवहारमा समान दायित्व !

बिहे हुन्छ । एउटी अबोध किशोरी–गोठबाट छुट्याएर डोऱ्याइएकी गाई झैं नयाँ घरमा हुलिन्छे । आफ्ना सारा इच्छा–आकांक्षा, सुख, हाँसो थाती राखेर–अरूको इसारामा ।

''चौध वर्षको उमेरमा–बिहे भएको दिनदेखि... २१ वर्ष भइसके छ ..यहाँ । जीवन–उमेर बेंश, मानसिक र शारीरिक–तृष्णा–नारीका निम्ति आफ्ना हुँदा रहेन-छन् । मात्र...धरौटी नफर्किने ।''

घर-व्यवहार, इष्टमित्र–आफन्त मित्र-बाहिर सम्हालेर, लोग्नेका इच्छा–भोग–साधन पूरा गरेर पनि सन्तान समेत दिनु पर्ने नारीले । लोग्नेहरूको वंश–उत्त-राधिकार आफ्न नारीत्वको समाप्ति । लोग्नेका कम्जोरी थानिदिने पनि स्वास्नी ।

'सम्पूर्ण माध्यम–भोगसाधनदेखि उत्तराधिकार निरन्तरतासम्म नारीको भूमिका–तर मेरो वंश, मेरो उत्तराधिकार–नाक फुलाउने लोग्ने मान्छे । सम्पूर्ण पस्केर अगाडि भाग राखिदिने नारी/त्यसमा गर्व गर्ने पुरुष । जीवन–मरणको दोसाँधमा रहेर पनि सहेकी हुन्छे नारीले ।

उत्तराधिकारी पाएकोमा पुरुषले किन गर्व गर्ने ।

यसमा पुरुषको के श्रम परेको हुन्छ। उसले के दायित्व बोकेको हुन्छ र ! पुरुषले त एउटा अणु बराबरको सेचन दिने मात्र त हो। नारी बिचरीले त्यसलाई उमार्न सक्नु पर्‍यो। उर्वरा बन्नु पर्‍यो। प्रत्येक सन्तान–निम्ति नारीले जीवन उत्सर्ग गरेकी हुन्छे। पुरुषको कुनै भूमिका हुँदैन। प्राणान्त भएर पाएकी त्यस सन्तानमा पनि पुरुष दृष्टि पुरुष नै खोज्छ। पुरुष जन्माउन नसक्ता तिरस्कृत बन्दछे नारी।

"नारी सर्वको भोग्या। स्वयं प्राप्ता दासी।" भावनाका मनमा यस्तै धेरै तरंगहरू उठिरहेछन्। नारी र पुरुषका बीच के कस्तो सम्बन्ध हुनु पर्छ। सीमा के हो। स्वतन्त्रताको कुरो गर्दछन्–साथीहरू। के हो नारी स्वतन्त्रता ? –भावना टोलाउँछिन्।

"यी २१ वर्षहरूमा उत्पीडन, लोग्नेको स्वच्छन्द उपभोग, शोषण, मानसिक पीडा र यातनाबाहेक मैले के पाउन सकें। खोइ कहाँ छ मेरो आफ्नो अस्तित्व। सुख, शान्ति र भावनात्मक सन्तुलन मेरा निम्ति सपना भए जीवनभरी नै।"

दुई छोरा र एक छोरीकी आमा भइसकेकी भावना मातृत्वकी धनी छन्। मातृत्व नारी जीवनको पहिलो सार्थकता हो। छोराछोरी जन्माउन नसक्नेहरू भावनालाई साँच्चै भाग्यमानी भन्ने गर्छन्। कैयौं पल्ट मातृत्व पाउन नसकेका उनका साथी–छिमेकीहरू रोएका छन्। पीर पोखे गरेका छन्।

बजारको मध्यभागमा पक्की घर–जग्गा उनी आफैंको नाउमा छ। खेतीपाती काम छ। घर जग्गा नहुनेहरू उनको ईर्ष्या गर्छन्। सुखी ठान्छन्।

पति महोदय कुनै राम्रो विभागमा जागीरे छन्। आयस्रोत प्रसस्त छ। सिंदूर पोते झलकाउन पाएकी छन्। बिधवा–मार्मिकतासंग दाँज्दा उनी कता हो कता माथि उठेकी छन्।

राम्रो कमाउने पति, घर जग्गा, छोराछोरी-अनि के चाहियो अरू।

"हो म विवाहिता छु। सन्तान छन्। लोग्ने छन्। घरद्वार राम्रो छ। एक पेट खान र एकसरो लाउन दुःख छैन। एकदमै सुखी छु–सबैले भन्ने गर्छन्।

"तँलाई के को पीर ! त्यति राम्रो घरमा परेकी छस्। जागीरे ज्वाई। झन् अरु दिदी–बहिनीको हेर त। तेरा साथीहरूको बिचार गर। लोग्नेमान्छे भनेको त्यस्तै हो, अलि अलि त सहनु पनि पर्छ। कति कुरा आफैंले डाकछोप गर्नु पर्ने हुन्छ। अबदेखि घरका कुरा, ज्वाईका बारेमा मलाई नसुनाउने गर। सह्राल्ने काम तेरै हो। हामीले गर्ने कर्तव्य पूरा गरिदियौं। आफ्नो भाग्यअनुसार जस्तो पर्छ, जे पाइन्छ–भोग्नु पर्छ, सन्तोष गर्नु पर्छ।... यस्ता कुरा कहिल्यै नगर।"

बिहे भएको चार वर्षपछि ठूलो छोरा जन्मिएका पाला माइत बस्ता आमासंग उनले आफ्ना दुःख पोखेकी थिइन्। 'आमा-प्राणी मात्रको सर्वभन्दा नजीक र प्यारो साइनो हो। आफ्ना छोराछोरीको दुःख, पीडा बुझ्न सह्राल्न र आफ्नै व्यथा झै ठान्न सक्ने आमा मात्र हो। जब आमालै नै सुन्न चाहिनन्। आमाको मनमा पनि कुनै सहानुभूति छैन-हुँदैन भने अरूलाई सुनाएर, पीर पोखेर के हुन्छ र !

आफ्नो मन खोल्नु आफैंलाई अपमानित पार्नु हो, अरूको हाँसो हुनुमात्र। भावनाले उस दिनदेखि बोल्न चटक्क छोडिदिइन्। उनी आफैं भित्रभित्र जले पनि बाहिर नदेखिने बनिन्। सहनु नै नारीको लक्षण उनले सिद्धान्त बनाइन्।

भावना लोग्नेको बोली सुनेर झस्किइन्। आज सहे पनि एदन् कि ! एक पटै आएका छन्। ज्यालबाट

हेर्छिन् । दुईजनाले समातेर ल्याएको देखेपछि खुइय गर्दै उठिन् । लोग्ने आएकोमा उठेकी होइनन् उनी, अरू साथीहरू आएकोमा .....।

"नमस्कार भाउजू । दाइलाई बाटामा भेट्टायौं, अलि बढ्ता लिन् भएछ, पुऱ्याइदिइ राखौं भनेर । जाउँ पनि .....।"

"होइन, एकछिन बसेर गए भयो नि । म चिया बनाउँछु ।"

"भयो भाउजू, हामी आइरहने मान्छे, खाउँला नि फेरि ।"

लोग्ने कोठाभित्र पसेर खाटमा पल्टिसकेको हुन्छ । भुइमा लत्रिएका खट्टा उठाएर खाटमा राखिदिन्छिन् । अहिले साँझ पर्न लाग्दैछ । लोग्ने लम्पसार भइसक्यो । यो नयाँ कुरा होइन । एकप्रकार दिनचर्याकै अंग भइसकेको छ–भावनाका निम्ति ।

"ह्वाक... . ह्वा..."

'आमा, सब थोछ्यानभरी पार्नु भो बुबाले त ।" सानो छोरो भान्सामा पुग्छ कराउँदै ।

"उफ् ! आज पनि...।"

कोठा ड्डड्ड गह्राउँछ । लुगाभरी, अनुहार भरी भएको हुन्छ–केहीबेर अघि खाएको खानेकुरा र सस्तो रक्सी । आमा–छोरा भएर धोइपखाली गर्छन् । लोग्नेलाई कपडा फेराएर पुछपाछ गर्छिन् । भावनाका लागि यो काम एउटा अनिवार्य अंग बनेको छ । लोग्ने खाटमा पल्टिइरहेको छ । अर्स पनि कोठा गह्राइरहेको हुन्छ । धूपबत्ती बाल्छिन् । छेउको कुर्सीमा बसेर ढोकाबाट बाहिरतिर हेर्छिन् ।

"तिमीहरू चाउचाउ बनाएर खाओ । मलाई केही चाहिँदैन । खान मन छैन । एक ग्लास चिया भए हुन्छ ।"

"बुबालाई के पकाइदिने...।"

"केही पर्दैन । तिमीहरूका बुबालाई भट्टी भए पुगिहाल्छ नि । आज भोकै सुतून्...। तिमीहरू खाओ ।"

'भट्टी' सम्झनासाथ भावनालाई भित्रैदेखि रनाहा छुटेर आउँछ । यो सारा भट्टीवालहरूलाई खुकुरीले गिडेर भट्टीजतिमा आगो लगाइदिन पाए...।

"भट्टीले गर्दा लोग्नेको यो दशा । म जस्ता घरैको यस्तै हविगत छ । जेठ्याहा लोग्नेको सेवा–लात्ती र मुड्कीको पुरस्कार...।"

उनलाई अहिले नै बजारभरीका भट्टीपसलमा आगो लगाइदिन मन लाग्छ । रक्सीपसलहरू नभएको यो बजार कस्तो हुन्थ्यो होला...।

लाग्ने आफैं बर्बराइरहेको छ । भावना निश्चल–निर्विकार लोग्नेतिर हेरिरहन्छिन् । चेतनाशून्य छ ।

छोराछोरीहरू अर्को कोठामा सुतिसकेका छन् । राती चकमन्न छ । ढोका लगाएर अर्को खाटमा उनी पल्टिन्छिन् । बत्तीको उज्यालोमा मूढो लोग्नेलाई हेरेर यसै बिगत सम्झिन्छिन् ।

उनी कक्षा सातमा पढ्दैथिन् । तेह्र वर्षकी कुमारी भावना । एक दिन बेलुका पल्लो घरकी भाउजूले कुद्दै आएर आमालाई बोलाएर लगिन् । उनका घरमा बसेको मिस्त्री रक्सी धोकेर आएछ । स्वास्नीलाई दाउराटाउकोमा हानेर मूर्छा परेकी रहिछ । भावना पनि गएकी थिइन् ।

"थुक्क अगति मोरा...। स्वास्नीलाई कुट्नु मार्नु नै थियो भने किन बिहे गरेको । अलच्छिना .....। तँ जस्तालै बाँचुन् पनि किन ! रक्सी धोक्ता–धोक्तै मर्नु नि ! स्वास्नी मान्छेले पनि के के बेहोर्नु परेको । बरु कुकुर्नी भएर जन्मनु परोस्–रक्स्याहाकी स्वास्नी चाहिँ कसैले बन्न नपरोस् ।"

आमाले त्यसबेला भनेका कुरा भावनाका कानमा अहिले पनि गुञ्जिरहेका छन् । त्यसैगरी एकपल्ट स्कूल-बाट फर्किदा एउटा जँडचाहा बाटामा लडिरहेको.. ...। छादेर लिंगा मुखभरी भन्किएका . ।

भावनालाई खानेबेलामा त्यो सम्झिदा धेरै दिन-सम्म बाकवाको आउँगे गर्थ्यो । उनले स्कूल जाने बाटो नै बदलेकी थिइनन् । घुमेर जाने गर्थिन् । त्यसबेला उनले कल्पनासम्म गर्न सकेकी थिइनन् रक्स्याहा भनेको कुनै अर्कै मानिस हो । अन्य साधारणभन्दा फरक । भूत, पिशाच जस्तै रक्स्याहा छुट्टै मनुष्य जात . । र त्यसरी नै उनको मनमा डर पसेको थियो । रक्सी खाने मान्छे भनेपछि उनी थरर् काम्ने गर्थिन् ।

पतिदेव घर्हेछन् । रातीको एघार बजिसकेको छ । कोठा अझै गह्राइरहेको छ । मुखबाट राल चुहिँदैछ । भावना भावुकतामा डुबेकी छन् :

बिहे हुँदा कक्षा नौ मा पढ्दै थिइन् उनी । निकै राम्री । आफ्नो विद्यालयमा सबैसँग मिलनसार, असल छात्रा ।

"राम्रो एकमानो बन्दोबस्त भएको कुटुम्ब माग्न आएका छन् छोरी । पछि के हो, कसो हो । कुटुम्ब आफै आएको बेला भनेर हामीले कुरो छिन्यौं । मान्छे अहिले नै सुम्बा जागीरे । आयस्ता निकै . ।"

आमाको कुरामा कुनै प्रतिक्रिया नजनाई आफ्नो कोठाभित्र गएर सुतेकी थिइन् । त्यो साँझ खानपीन नपरी रोएर बिताइन् ।

बिहे भयो । घर गइन् । बिहेमा निकै तडक-भडक देखाएका थिए-केटा तर्फबाट । यसैलाई ठूलो कुरा ठाने । राम्रो माने-गाउँ घरकाहरूले । गाउँबाट सहरमा भएको त्यसै पनि । ठूला ठाउँमा ।

"राम्रो गरेस् नानी । घरतिरबाट सिकायत सुन्नु नपरोस् । आफ्नो व्यवहार राम्ररी सम्हाल्नु । हाम्रो कर्तव्य जोडा बाँधिदिनु थियो । घरतिरका कुरा लिएर चाहिँ कहिल्यै नआउनु त्यति हो...।"

बिदा हुने बेरका अर्तो-उपदेश ..।

माइतीबाट कर्तव्यमुक्त भएकी भावना लोग्नेको घर पुगेर त्यहाँको परिवेश अनुसार चल्न थालिन् । उनले आफूलाई दुई बर्षअघि सप्ताह लगाएर अधिकारी पण्डित-लाई दान दिएकी कैली गाईसँग दाँजिन् । त्यो दिन बिचरी कैली गाई पर पुगु-जेलसम्म कराएकी थिई । एकपल्ट त बाम्लो खुस्काएर आफ्नै गोठमा आइपुगी थी । फेरि समातेर सिर्कनाले पिट्ने लगेका थिए । कहाँ गई त्यो गाई . उनले कहिल्यै देखिनन् ।

पहिलो रातमै लोग्नेको नराम्रो लत थाहा पाएकी थिइन् ।

"केही त्यस्तो होइन । साथी भाइहरूलाई पार्टी दिंदा एक दुई घुड्की मात्रै . ।" पहिलो दिन लोग्नेको सफाइ ।

क्रमशः बढ्दै गयो । हप्तादिन पछि राती दश बजेतिर लोग्नेलाई साथीहरूले बोकेर ल्याए । भावना कहाँल्लिँदै बाटासम्म पुगिन् ।

"त्यस्तो केही होइन भाउजू । यो क हिलेकाहीँ अलि बढ्ता पिउँछ । त्यति हो । नयाँ हुनुहुन्छ तपाईं त्यसैले आतिनु भएको ..। भोलिदेखि बरु भाउजूले अफिस सकिनासाथ घरैमा लिएर आउने गर्नुहोस् न.. ।"

खाटमा सुताइदिएर साथीहरू गए । भावना-लाई बाकवाको भयो छेउमा बस्न सकिनन् । उसले कोठाभरी छाडिदियो ..।

अर्को एकदिन । बजारबाट किनमेल गरेर फर्किदा ऊ तिम्रा पति । साथीहरू हाँस्ते छोडेर हिँडे । बाटामा लडिरहेको लोग्नेलाई रिक्सामा राखेर घर ल्याइ थिन् । त्यसपछि भावनाले अनेक प्रयत्न गरिन्-रक्सी छुटाउन केही उपाय नलागेपछि-लोग्नेसँग शर्त राखिन्-बाहिर नपिउने । अफिसबाट घरमै आएर मनलागी खाने पिउने । साथी भाइलाई पनि घर घरमै बोलाएर खुवाउने ।

भट्टीमा जस्तो आनन्द घरमा नआउने भए पनि बिस्तारै लोग्नेले यस शर्तलाई स्वीकार्यो...। तर भावनाले सँधै अफिस गएर लोग्नेलाई साथमा लिएर आउनु पर्ने । महिना पुगेपछि तलब थाप्न उनी आफैं जाने गरिन् । कहिँ पल्ट उनी आफू नपुग्दा एकै पैसा पनि घर आइपुग्दैन थियो । तलब थापेकै दिन सिद्धिन्थ्यो ।

शुरुका वर्षहरूमा निकै पटक लोग्नेबाट पिटाइ खानुपरे पनि बिस्तारै उनले जितिन् । रक्सीले उसलाई यति शिथिल पार्न थाल्यो–पछिपछि त मूढो जस्तै भइदिन्थ्यो ।

यस्तैमा तीनवटा छोराछोरी जन्माइन्, हुर्काइन्..। एउटा स्वचालित यन्त्र झैं भावनाका सम्पूर्ण इच्छा–आकांक्षा र मानवीय संवेदना नै मरिसकेका छन् । उनमा हासो, खुसी, इच्छा–चेत सबै खोक्रा–बनावटी भइसकेका छन् । मात्र स्त्रीमूर्ति...। छोराछोरीका निम्ति आमा..। पतिकै निम्ति उनको यन्त्र–बेंचाइ छ ।

"ए–भाउ .., भाउ . ।" लोग्ने उठ्न खोज्छ । भावना निश्चल उतिर एकहोरो हेरिरहन्छिन् । सधैं दश बजेतिर उठाएर खाना खुवाउँथिन् । चौसो—एक दुई गाँस खाएर आफू पनि सुत्ने गर्थिन् । आज भने उनलाई केही गर्न मन हुँदैन । टेबुलमाथि खाने कुरा चिसिएर बसिरहेको छ ।

"आज खाना बनायौं न भाउ.....।" लोग्ने आफैं बर्बराउँदै छ ।

पहिले पनि सारै थकित लागेका बेला भावना यसै गर्ने गर्थिन । भोकै सुताउँथिन् लोग्नेलाई र आफू पनि भोकै...। अहिले त्यस्तै ।

"काकी, बहिनीको बिहे गर्दा–बढो विचार पुऱ्याउनु होला । म त यस्तै रक्सीवाहाका फेला परिगएं । बरु गरीबलाई दिनु, तर.....त्यस्तो चाहिं नहोस् । ई... हेर्नोस्न काकी, मेरो हाड नै माचिएको छ पिटेर...। कस्तो हुर्मत.....।" ठूला बाकी छोरी निमाको दुःख सुन्दा भावनाले भनेकी थिइन्—

"दिदी, तिमी किन बस्छयौ त्यस्तासंग । छोडिदिनु नि । म ता त्यस्ता दुष्टसंग फेला परें भने उतिबेलै छोडेर हिंड्छु ।–आ....दिदी आउ यतै...। आफैं गरि खानुपर्छ । के एक पेट खान पनि त्यतिका सहनु पर्छ । यस्तो भयो भने आफू त बसिदैन ।"

केटाकेटीमै खरो स्वभावकी भावनाले आफ्ना साथीहरूसंग मिलेर एउटा गाउँकै रक्स्याहालाई एकदिन बेस्सरी कुटेकी थिइन् । 'रक्स्याहा निर्मूल समिति' बनाएर गाउँमा रक्सी पिउनेहरूलाई सुधार्न कुरो गर्थिन् त्यतिखेर भावना...। आफ्नै मामासंग उनको बोलचाल थिएन । माइजूलाई मामाको बानी सुधार्न अर्तो उपदेश दिने गर्थिन् । उनका आँखाबाट थाहै नपाइ दुईथोपा आँसु टप्किन्छन् ।

भावनाका आँसु पनि सुकिसकेका छन् । साधारण रूपमा प्रायः आँसु निस्किदैनन् । यस्तै कहिलेकाही बिगततर्फ जाँदा, जीवनका बारेमा सोच्ता अनायास एक दुई थोपा झर्ने गर्छन् ।

सुरुका वर्षहरूमा माइती गएका बेला आमासंग लोग्नेलाई छोड्ने कुरो गरेकी हुन् । तर उनले आमाबाटै गाली पाए पछि, कतै पनि आश्रय नदेखेर चुप लागिन् । आफूलाई जन्म दिने आमा नै छोरीका निम्ति बिहेपछि पराइ हुन्छिन् भने, अर्को को आफ्नो हुनसक्छ । सबै स्वार्थी ।

त्यस्ती चुलबुले र बाठी भावना बिहेपछि नै अबोला बन्दै गइन् । अर्कालाई उपदेश दिन र भन्न जति सजिलो हुन्छ–आफूले भोग्नु–बिहोर्नु पर्दा त्यति नै अप्ठ्यारो हुँदो रहेछ । कल्पना र भावुकताको बिपरित

रहेछ यथार्थ समाज, वास्तविक जीवन ।

बिहेपछिका विगत बीस–एक्काइस वर्षहरूमा भावनाले पाएको ज्ञान–अनुभव यत्ति नै हो । न त उनले आफ्नो नरक–पारिवारिकता त्याग्न सकिन्, न त मान्छे झैं हुन सकिन् । न त उनको जीवनको यथार्थ बंचाइ नै हुन सक्यो । मात्र यन्त्र...बंचाइ । सास फेर्नु पर्ने बाध्यताले मानिस सरह भए–देखिए पनि–वास्तवमा भावना निर्जीव ढुंगेमूर्ति भन्दा बढी केही छैनन् अहिले । छोरा-छोरीलाई हुर्काउनु पर्ने बाध्यता र शिथिल–रोगग्रस्त भइसकेको रक्स्याहा लोग्नेको अन्तिम दिन पर्खिनु पर्ने विवशता बाहेक उनको आफ्नो बंचाइ केही छैन ।

मानवमूल्य / नारी स्वतन्त्रता / समानता/आफू स्वयंको जीवन बोध र आफ्नो भोगाइको तुलना गर्दैछन्–भावना यसबेला । कुन ठूलो...। यसको समाधान कोसंग छ...? अगाडिको खाटमा चलमलाइरहेको लोग्नेलाई निर्निमेश हेरेर उनी प्रश्न गर्छिन् आफैंसंग ।

नारी-एउटा रथका दुई पांग्रा मध्ये एक/गृह लक्ष्मी/देवी/पुरुष समान/ब्रह्म पुरुषभन्दा माथि/सृष्टि परंपराको आधार/उर्वरा प्रकृति/पुरुषसहधर्मिणी/सहगामिनी/पृथ्वी/माता/धर्मपत्नी/ ।

"भाव"...लोग्ने उठ्न खोज्दा खाटबाट लड्छ । ...कर्ते हात खुट्टातिर ठोक्किएछ होला । अस्ति भर्खरै बाटामा लडेर हात भांचिएको थियो । "अय्या...मरे..." सुनेपछि भावना अतालिंदै उठ्छिन् । लोग्नेलाई समातेर खाटमा राख्छिन् । र घाउ भएको हात सुमसुम्याइ दिन्छिन् ।

श्री ५ महाराजाधिराज

सरकारको

दीर्घायु होस् ।

नेपाल बैंक लिमिटेड

(स्थापित १९८४)

श्री ५ महाराजाधिराजको ४८ औं शुभ जन्मोत्सवको पुनित उपलक्ष्यमा मौसूफ सरकारको सुस्वास्थ्य तथा दीर्घायुको मङ्गलमय कामना गर्दछौं ।

शाही औषधी लि.

साझा प्रकाशनका केही नवीनतम प्रकाशन

१. आँशु त्यसै त्यसै छचलिकन्छ	(कथा संग्रह)	३६.७५	दौलत विक्रम बिष्ट
२. स्वर्ण बिम्ब	(उपन्यास)	२१।२५	कृष्ण गौतम
३. आस्थाको भग्नावशेष	(कथा संग्रह)	२६।–	शारदा शर्मा
४. मिल्किएको मणि	(नाटक)	१७.२५	रमेश विकल
५. पाइलाका डोबहरू	(यात्रा संस्मरण)	३१।७५	तेज प्रकाश श्रेष्ठ
६. कालरात्रिमा बिम्ब खोज्दै	(कविता संग्रह)	२६।२५	फणिन्द्र नेपाल
७. नेपालदेखि अमेरिकासम्म	(उपन्यास)	७१।५०	डा. तारानाथ शर्मा

–साझा प्रकाशन

युवा

—दामोदर पुडासैनी "किशोर"

अन्याय, शोषण र दमनको धरातललाई
ज्वालामुखी फुटाउँदै
निरंकुश र निर्विवाद भन्ने आवाजहरूलाई
भीषण भूकम्प उठाउँदै
आस्थाका अंकुरहरूलाई
विश्वासका पाटाहरूमा संगालेर
धरी नरसंहारकारी सत्ताको विरुद्ध
धरी जनताका आवाजहरूको ऐक्यबद्धतामा
भर्भराउँदो आगो झैं
उ आफ्नो लक्ष्यमा निर्भिक उठिरहेछ
कोशी र कर्णाली झैं उ माटोका
हरेक कण कणमा घुलिरहे छ

□ □ □

घर घरमा धूंजा नबलेका समस्याहरू छन्
बस्ती बस्तीमा एउटा आँग नढाकेका दुःखहरू छन्
एउटा देश सिर्ग गाँस, वास र कपास प्राप्तीको युद्धमा
सँधै हार खाईरहेछ

युवा–सत्य हो–मध्याह्नको घाम जस्तो
युवा-सत्य हो–पूर्णिमाको शितल जून जस्तो
उ उठे, उच्च शासक भनाउँदाहरू पनि झुक्नु पर्छ
सँधै जनता दबाउन पल्केका मुठ्ठीहरू पनि फुक्नु पर्छ
त्यसैले, युवाहरू जुटेका छन्
जन–समस्याका चक्रव्यूहहरू तोड्ने
शोषण र जाल बुनाईलाई धुजा धुजा ज्यातिदिएर
चाहे बंगलादेशमा होस्, चाहे भुटानमा
चाहे श्रीलङ्कामा होस्, चाहे नेपालमा
जनतालाई जनता भै बाँच्न वातावरण दिने
युवा दाँईको सबल मियो हो
सर्वत्र अन्धकार र पिंजराको
वातावरण तोड्ने स्वच्छ घामलाई टल्काईरहने
युवा राष्ट्रको सहज धूरी खामो हो ।

—गोंगबु, बालाजु

श्री ५ महाराजाधिराज सरकारको
४८ औं शुभ जन्मोत्सवको
पुनीत उपलक्ष्यमा
मौसूफ सरकारको सुस्वास्थ्य एवं दीर्घायुको
मंगलमय शुभ कामना गर्दछौं ।

—फोहर मैला तथा स्रोत परिचालन केन्द्र
परिवार

श्री ५ महाराजाधिराज सरकारको
४८ औं शुभ जन्मोत्सवको
पुनीत उपलक्ष्यमा
मौसूफ सरकारको सुस्वास्थ्य एवं दीर्घायुको
मंगलमय शुभ कामना गर्दछौं ।

—कृषि सामग्री संस्थान
कुलेश्वर

गीत

—बाबा बसनेत

अरुले माया गरेपनि, किन हो तीतो लाग्छ
तिम्ले त गाली नै गरेपनि, मलाई मीठो लाग्छ

आदेश तिम्रो यात्रा भरि, बाटो बन्दो रै' छ
उपदेशहरू टाढा हुँदा, साथी बन्दो रै छ
तिम्रो हेराई कल्पना मै पनि निको लाग्छ
तिम्ले त गाली नै गरेपनि, मलाई मीठो लाग्छ

सोच्थें भुल्न सकिएला, टाढा हुँदा खेरी
तर पाइला भरि तिमी, माया बरी परी
तिम्रो बोलि तर्कनामै, पनि चोखो लाग्छ
तिम्ले त गाली नै गरेपनि, मलाई मीठो लाग्छ

बत्तिस पुतली

गजल

—वीरेन्द्र राई

हाम्रै टोलको पूर्वपट्टि पर्यो उन्को घर
नाउँ तिन्को चाँदनी हो तर बिर्से घर
धेरै पल्ट सोध्न खोजें भेट हुदा खेरि
सम्झिईदा त्यो धृष्टता झैं ले लाग्छ डर
अझै पनि एकान्तैता आई नाँच्ने गर्छ
एक्लै बस्दा आँखा सामुँ लाजवन्ती अधर
सिन्दुरले रङ्गिएर उनी गए पश्चात्
बालुवाले भरिएको जीवन भो' बगर
सजाएथें हृदयमा कल्पनाको महल
आखिर सबै भत्किएर भयो खण्डहर !

याम्खा लिलिमा ५ खोटाङ्ग !

श्री ५ महाराजाधिराज सरकारको
४८ औं शुभ जन्मोत्सवको
पुनीत उपलक्ष्यमा
मौसूफ सरकारको
सुस्वास्थ्य एवं दीर्घायूको
मंगलमय शुभ कामना गर्दछौं ।

—साझा यातायात परिवार
पुल्चोक, काठमाडौं

श्री ५ महाराजाधिराज सरकारको
४८ औं शुभ जन्मोत्सवको
पुनीत उपलक्ष्यमा
मौसूफ सरकारको
सुस्वास्थ्य एवं दीर्घायूको
मंगलमय शुभ कामना गर्दछौं ।

—साझा स्वास्थ्य सेवा
महाकालस्थान

ज्याल बहादुरको घरमा
ज्याल नभएकोले चिसो ओढेर सुत्छन्
दुर्दशा त–
ढोका बहादुर र सुरक्षा बहादुरको पो हेर्न लायक छ
जसको घरमा मौका छोपेर बिषालु सर्पहरू पस्छन्
अस्वीकारलाई नङ्गाएर
वंशको तोर्खा मेटछन् र फर्कन्छन्
पसिनाको कमाइले त्यहाँ भोकको सुरक्षा मेट्दैन
परिवारको भोक ओच्छाएर सुत्नुपर्छ
अर्काको सुरक्षामा कर्तव्यपालनको मूल्य चुकाएर
भोकको कुरा गर्दा
आफ्नै अस्तित्व लुटिएको हेर्नुपर्छ
इज्जत त व्यस्ताको पो सुरक्षित हुन्छ
फरक यति छ–
ज्याल बहादुर
ढोका बहादुर
सुरक्षा बहादुरहरू इज्जत बेचेर सुख खोज्दैनन्
अभावको कुरा गर्दैनन्

अहिले शहरबाट बिस्तारै गाउँसम्म
दुबिधाको कुरा चल्न थालेको छ
बाटो भत्किएमा
बहादुर आफ्नै मुटु भत्किएको महसुस गर्छन्
र परिश्रममा जुट्छन्
कतै चुल्हो नबल्दा आफ्नै भोकाएको कुरा गर्छन्
कतै रगतको आवश्यकता पर्दा
आफ्नै पाखुरा तेर्साएर जीवनदानको मूल्य चुकाउँछन्
यस अर्थमा–
ऐश–आरामको शिविरमा जीवन गुजार्ने
तिमी बहादुर हुन सक्तैनौ
तिम्रो आलिसान भवनमा नेपाल हेर्न सकिँदैन
नेपाल हेर्न त–
नेपाल दुख्दा आफ्नो मुटु चसक्क दुखेको अनुभव गर्ने
बहादुर पो नेपाली हुन्छ
सङ्कटको कुरा गर्दा आफ्नै मुटु छाम्ने
बहादुर पो नेपाली हुन्छ ।

हात्तीगोंडा, काठमाडौं

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको
४८ औं शुभ–जन्मोत्सवको पुनीत उपलक्ष्यमा मौसूफको सुस्वास्थ्य, दीर्घायु तथा
समृद्धिका निम्ति परमेश्वरसंग
सभक्ति मङ्गलमय कामना गर्दछौं ।

–नेपाल राष्ट्र बैंक
परिवार

श्री ५ महाराधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको
४८ औं शुभ–जन्मोत्सवको पुनीत उपलक्ष्यमा मौसूफको सुस्वास्थ्य दीर्घायु तथा
सार्वत्रिक माङ्गल्यका लागि श्री परमेश्वरसंग प्रार्थना गर्दछौं ।

जनक शिक्षा सामग्री केन्द्र लि.
परिवार, सानो ठिमी, भक्तपुर